सुनापति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रामेछाप, बागमती प्रदेश, नेपाल

# मध्यकालीन खर्च संरचना

## अन्तिम प्रतिवेदन

# विषयसूची


**परिच्छेद - १: परिचय** १

**१.१ पृष्ठभूमि** १

**१.२ अवधारणा तथा उद्देश्य** १

**१.३ कानूनी तथा संस्थागत व्यवस्था** २

१.३.१ संस्थागत व्यवस्था ३

**१.४ तर्जुमा प्रक्रिया** ४

१.४.१ कार्यतालिका तथा जिम्मेवारी निर्धारण ४

**परिच्छेद - २: मध्यमकालीन खर्च संरचना** ६

**२.१ पृष्ठभूमि** ६

**२.२ सोच, उद्देश्य तथा रणनीति** ६

**२.३ मध्यमकालीन आर्थिक खाका** ७

**२.४ मध्यमकालीन नतिजा खाका** ७

**२.५ मध्यमकालीन बजेट खाका** ९

**२.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट** ११

२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण ११

२.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १२

२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १२

२.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३

२.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

**परिच्छेद - ३: आर्थिक क्षेत्र** १५

**३.१ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी** १५

३.१.१ पृष्ठभूमि १५

३.१.२ समस्या तथा चुनौती १५

३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १५

३.१.४ रणनीति १६

**३.२ जडीबुटी** १६

३.२.१ रणनीति १६

**३.३ पशुपन्छी विकास तथा मत्स्यपालन** १६

३.३.१ पृष्ठभूमि १६

३.३.२ समस्या तथा चुनौती १६

३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १७

३.३.४ रणनीति १७

३.३.५ कार्यक्रमको संक्षिप्त विवरण १७

३.३.६ जोखिम पक्ष तथा अनुमान १९

**३.४ उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति** २०

३.४.१ पृष्ठभूमि २०

३.४.२ समस्या तथा चुनौती २०
३.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य २०
३.४.४ रणनीति २०
३.४.५ कार्यक्रमको संक्षिप्त विवरण २०
३.४.६ जोखिम पक्ष तथा अनुमान २२
३.५ पर्यटन तथा संस्कृति २२
३.५.१ पृष्ठभूमि २२
३.५.२ समस्या तथा चुनौती २३
३.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २३
३.५.४ रणनीति २३
३.५.५ कार्यक्रमको संक्षिप्त विवरण २३
३.५.६ जोखिम पक्ष तथा अनुमान २५
३.५ सहकारी २५
३.५.१ पृष्ठभूमि २५
३.५.२ समस्या तथा चुनौती २५
३.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २५
३.५.४ रणनीति २६
३.५.५ कार्यक्रमको संक्षिप्त विवरण २६
३.५.६ जोखिम पक्ष तथा अनुमान २६
३.६ गरिबी निवारण २७
३.६.१ पृष्ठभूमि २७
३.६.२ समस्या तथा चुनौती २७
३.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य २७
३.६.४ रणनीति २७
३.६.५ कार्यक्रमको संक्षिप्त विवरण २७
३.६.६ जोखिम पक्ष तथा अनुमान २८
परिच्छेद - ४: सामाजिक क्षेत्र ३२
४.१ शिक्षा, विज्ञान तथा प्रविधि ३२
४.१.१ पृष्ठभूमि ३२
४.१.२ समस्या तथा चुनौती ३२
४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३२
४.१.४ रणनीति ३३
४.१.५ कार्यक्रमको संक्षिप्त विवरण ३३
४.१.६ जोखिम पक्ष तथा अनुमान ३४
४.२ स्वास्थ्य ३५
४.२.१ पृष्ठभूमी ३५
४.२.२ समस्या तथा चुनौती ३५
४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ३५

४.२.४ रणनीति ३५
४.२.५ कार्यक्रमको संक्षिप्त विवरण ३६
४.२.६ जोखिम पक्ष तथा अनुमान ३७
**४.३ संस्कृति, भाषा, कला तथा साहित्य ३७**
४.३.१ पृष्ठभूमि ३७
४.३.२ समस्या तथा चुनौती ३८
४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ३८
४.३.४ रणनीति ३८
४.३.५ कार्यक्रमको संक्षिप्त विवरण ३९
४.३.६ जोखिम पक्ष तथा अनुमान ३९
**४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण ४०**
४.४.१ पृष्ठभूमि ४०
४.४.२ समस्या तथा चुनौती ४०
४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४०
४.४.४ रणनीति ४०
४.४.५ कार्यक्रमको संक्षिप्त विवरण ४१
४.४.६ जोखिम पक्ष तथा अनुमान ४२
**४.५ बालबालिका ४२**
४.५.१ पृष्ठभूमि ४२
४.५.२ समस्या तथा चुनौती ४३
४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४३
४.५.४ रणनीति ४३
४.५.५ कार्यक्रमको संक्षिप्त विवरण ४३
४.५.६ जोखिम पक्ष तथा अनुमान ४४
**४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार ४४**
४.६.१ पृष्ठभूमि ४४
४.६.२ समस्या तथा चुनौती ४४
४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४५
४.६.४ रणनीति ४५
४.६.५ कार्यक्रमको संक्षिप्त विवरण ४५
४.६.६ जोखिम पक्ष तथा अनुमान ४६
**४.७ खेलकुद तथा मनोरञ्जन ४७**
४.७.१ पृष्ठभूमि ४७
४.७.२ समस्या तथा चुनौती ४७
४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४७
४.७.४ रणनीति ४७
४.७.५ कार्यक्रमको संक्षिप्त विवरण ४८
४.७.६ जोखिम पक्ष तथा अनुमान ४९

४.८ सामाजिक सुरक्षा ४९
४.८.१ पृष्ठभूमि ४९
४.८.२ समस्या तथा चुनौती ४९
४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य ४९
४.८.४ रणनीति ४९
४.८.५ कार्यक्रमको संक्षिप्त विवरण ५०
४.८.६ जोखिम पक्ष तथा अनुमान ५०
परिच्छेद - ५: पूर्वाधार विकास ५६
५.१ खानेपानी तथा सरसफाई ५६
५.१.१ पृष्ठभूमि ५६
५.१.२ समस्या तथा चुनौती ५६
५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५६
५.१.४ रणनीति ५७
५.१.५ कार्यक्रमको संक्षिप्त विवरण ५७
५.१.६ जोखिम पक्ष तथा अनुमान ५८
५.२ सिँचाई ५८
५.२.१ पृष्ठभूमि ५८
५.२.२ समस्या तथा चुनौती ५९
५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५९
५.२.४ रणनीति ५९
५.२.५ कार्यक्रमको संक्षिप्त विवरण ५९
५.२.६ जोखिम पक्ष तथा अनुमान ६०
५.३ ऊर्जा ६०
५.३.१ पृष्ठभूमि ६०
५.३.२ समस्या तथा चुनौती ६१
५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६१
५.३.४ रणनीति ६१
५.३.५ कार्यक्रमको संक्षिप्त विवरण ६१
५.३.६ जोखिम पक्ष तथा अनुमान ६२
५.४ सडक तथा यातायात ६२
५.४.१ पृष्ठभूमि ६२
५.४.२ समस्या तथा चुनौती ६३
५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६३
५.४.४ रणनीति ६३
५.४.५ कार्यक्रमको संक्षिप्त विवरण ६३
५.४.६ जोखिम पक्ष तथा अनुमान ६४
५.५ आवास, भवन तथा वस्ती विकास ६४
५.५.१ पृष्ठभूमी ६४

५.५.२ समस्या तथा चुनौती ६५
५.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६५
५.५.४ रणनीति ६५
५.५.५ कार्यक्रमको संक्षिप्त विवरण ६५
५.५.६ जोखिम पक्ष तथा अनुमान ६६
५.६ सूचना तथा सञ्चार टट
५.६.१ पृष्ठभूमी ६६
५.६.२ समस्या तथा चुनौती ६७
५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६७
५.६.४ रणनीति ६७
५.६.५ कार्यक्रमको संक्षिप्त विवरण ६७
५.६.६ जोखिम पक्ष तथा अनुमान ६८
परिच्छेद - ६ : वातावरण तथा विपद् व्यवस्थापन ७२
६.१ वन तथा भू-संरक्षण ७२
६.१.१ पृष्ठभूमी ७२
६.१.२ समस्या तथा चुनौती ७२
६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७२
६.१.४ रणनीति ७३
६.१.५ कार्यक्रमको संक्षिप्त विवरण ७३
६.१.६ जोखिम पक्ष तथा अनुमान ७४
६.२ जलाधार व्यवस्थापन ७४
६.२.१ पृष्ठभूमी ७४
६.२.२ समस्या तथा चुनौती ७४
६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७५
६.२.४ रणनीति ७५
६.२.५ कार्यक्रमको संक्षिप्त विवरण ७५
६.२.६ जोखिम पक्ष तथा अनुमान ७६
६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन ७६
६.३.१ पृष्ठभूमी ७६
६.३.२ समस्या तथा चुनौती ७६
६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७६
६.३.४ रणनीति ७७
६.३.५ कार्यक्रमको विस्तृत विवरण ७७
६.३.६ जोखिम पक्ष तथा अनुमान ७८
६.४ वातावरण संरक्षण ७८
६.४.१ पृष्ठभूमी ७८
६.४.२ समस्या तथा चुनौती ७९
६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ७९

६.४.४ रणनीति ७९
६.४.५ कार्यक्रमको विस्तृत विवरण ७९
६.४.६ जोखिम पक्ष तथा अनुमान ८०
**परिच्छेद - ७ : संस्थागत विकास सेवा प्रवाह तथा सुशासन ८३**
**७.१ सुशासन तथा सेवा प्रवाह ८३**
७.१.१ पृष्ठभूमि ८३
७.१.२ समस्या तथा चुनौती ८३
७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ८३
७.१.४ रणनीति ८३
७.१.५ कार्यक्रमको संक्षिप्त विवरण ८४
७.१.६ जोखिम पक्ष तथा अनुमान ८५

## तालिम सूची

**तालिका नं. १:** स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका ७
**तालिका नं. २:** समष्टिगत मध्यमकालीन नतिजा खाका ८
**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण ९
**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण ११
**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १२
**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १२
**तालिका नं. ७:** लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३
**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

# परिच्छेद - १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना आवधिक योजना र सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेट बीच तादाम्यता कायम गराउने हुँदा यसलाई योजना र बजेटबीचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ । यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनामा स्रोत विनियोजनको सुनिश्चितता गर्दछ । कार्यान्वयन ईकाइलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ । सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ । उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा सुनापति गाउँपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो ।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा यस गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना लाई मध्यनजर गरिएको छ । सुनापति गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्ग निर्देशक दस्तावेजको रुपमा लिइएको छ ।

## १.२ अवधारणा तथा उद्देश्य

सीमित स्रोत र साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना तर्जुमा अत्यन्तै महत्वपूर्ण हुन्छ । यसले स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्न मद्दत गर्छ । मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत अनुमानतर्फ आन्तरिक राजस्व, संघीय र प्रादेशिक सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने राजस्व बाँडफाँट र अनुदानको आँकलन गरिएको छ । समष्टिगत स्रोतको आँकलन गरी विषय क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकताको आधारमा खर्चको अनुमान सहितको त्रिवर्षीय बजेट खाका समेत निर्माण गरिएको छ । कार्यक्रम/आयोजनालाई नतिजा तथा प्रतिफलमा आधारित बनाउनका लागि मध्यमकालीन नतिजा खाका समेत समावेश गरिएको छ । समष्टिगत आर्थिक स्थायित्व, वित्तीय सुशासन

र नतिजामूलक विकास व्यवस्थापन मार्फत विकासको प्रतिफल सबै गाउँपालिकाबासीलाई समतामूलक तवरले वितरण गर्न सार्वजनिक स्रोतको अनुमान, विनियोजन र कार्यान्वयनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ । यसमा चालु आर्थिक वर्षको यथार्थ विनियोजन र आगामी दुई आर्थिक वर्षको स्रोत अनुमान समावेश गरिएको छ ।

### उद्देश्यहरू

मध्यमकालीन खर्च संरचना तर्जुमाको उद्देश्य आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबीच तादम्यता कायम गरी सीमित स्रोत साधनको महत्तम उपयोग गर्नु, स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन प्रभावकारी बनाउदै आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम गर्नु हो । यसका अन्य उद्देश्य देहाय अनुसार रहेका छन्:-

१. गाउँपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आदिको वास्तविक अनुमान सहित यथार्थमा आधारित बजेट खाका तर्जुमा गर्नु ।
२. प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत सुनिश्चित गर्नु ।
३. मध्यावधि मुल्याङ्कनद्वारा कार्यान्वयन कुशलता र नतिजा प्राप्ति उन्मुखताको विश्लेषण गर्नु ।
४. तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने सबै निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु ।

## १.३ कानूनी तथा संस्थागत व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । दफा १७ को उपदफा (२) मा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसारको विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छ:

१. प्रस्तावित योजनाको उद्देश्य,
२. योजनाको लागि सम्भाव्यता अध्ययन गर्न र खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,
३. योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
४. योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,
५. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँग तादाम्यता,
७. सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको,

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको समेत स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै नगरपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना बनाउनु आवश्यक छ ।

## १.३.१ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता कायम गर्ने औजार भएकाले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :-

### १.३.१.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :-

(क) पालिकाको आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ख) प्रक्षेपण गरिएको कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको बजेट सीमा निर्धारण गर्ने,

(ग) कार्यक्रम तथा आयोजनाहरु छनौट गरी प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्ने,

(घ) बजेट सीमा स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने।

### १.३.१.२ मध्यमकालीन खर्च संरचना कार्यदल

गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमको एक कार्यदल रहन्छ। सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाईगत लागत आँकलन, शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयारी तथा समन्वय र सहजीकरण गर्दछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) विषयगत शाखा प्रमुखहरू | - सदस्य |
| (ग) योजना शाखा प्रमुख | - सदस्य सचिव |

मध्यमकालीन खर्च संरचना तयारी गर्दा कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

### १.३.१.३ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शन भित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुनः प्राथमिकिकरण गरी पेश गर्ने कार्य विषयगत समितिले गर्दछन्। यसका अलावा मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिले देहाय बमोजिमका कार्यहरू सम्पादन गरी मध्यमकालिन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ।

१. गाउँपालिकाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने।

२. कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरणको आधार तयार गर्ने ।

३. प्राथिमकता निर्धारण गरिएका कार्यक्रम तथा आयोजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्ने ।

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने ।

(ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

### १.३.१.४ बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालिन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ ।

(क) मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्ने,

(ख) पालिकाको आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्ने,

(ग) गत वर्षहरुको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी पालिकाको आर्थिक खाका तयार गर्ने,

(घ) आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिका लगायतका आधारमा तय भएको त्रिवर्षिय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने,

(ङ) आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने ।

## १.४ तर्जुमा प्रकिया

### १.४.१ कार्यतालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिकाको अवलम्बन गरिएको छ :

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ ५ गते भित्र | कार्यदल/विषयगत समिति |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेटमा प्रविष्टि | असार मसान्तभित्र | योजना शाखा |

यसैबिच देहायका चरणहरु पुरा गरी सुनापति गाउँपालिका रामेछापको मध्यमकालिन खर्च संरचना तयारी गरिएको छ ।

**चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा**

↓

**त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन**

↓

**बजेट सीमा निर्धारण तथा बाँडफाँट**

↓

**बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण**

↓

**विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी**

↓

**विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल**

↓

**मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

↓

**मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

# परिच्छेद - २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुर्‍याउँछ । सोह्रौं आवधिक योजना (२०८१/८२-२०८५/८६) तथा तथा **बागमती प्रदेशको आवधिक योजना (२०८१/८२-२०८५/८६)** ले तय गरेका सोचहरु क्रमशः "समृद्ध नेपाल सुखी नेपाली","*बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामुलक समाज'* को सोचलाई यथार्थमा परिणत गराउन सुनापति गाउँपालिकाले **"समृद्ध, उद्यमी र सुखी सुनापतीः कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ती"** को सोच सहित आवधिक योजना (२०८०/८१– २०८४/८५) तर्जुमा गरेको छ । त्यसैगरी उपलब्ध स्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८२/८३- २०८४/८५) तयार गरिएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य तथा गाउँपालिकाले तर्जुमा गरेको प्रथम आवधिक योजनाको समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ । यसैगरी आन्तरिक र बाह्य स्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ । आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैंगिक तथा जलवायु संकेत तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

| दीर्घकालीन सोच |
|---|
| **"समृद्ध, उद्यमी र सुखी सुनापतीः कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ती"** |
| **लक्ष्य** |
| गाउँपालिकाको विकासको लागि कृषिको आधुनिकिकरण गर्दै आर्थिक एवं सामाजिक स्तरमा वृद्धि, पर्यटन तथा शिक्षाको विकास एवं दिगो पूर्वाधारहरुको विकास, स्वावलम्बी एवं आत्मनिर्भर नागरिक तयार गरी सभ्य, सुसंस्कृत, शुसासनयुक्त समाजको निर्माण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकालाई कृषि र प्राकृतिक स्रोतसाधनयुक्त क्षेत्रको रुपमा विकास गर्ने ।<br>✓ गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रर्वद्धन गर्ने ।<br>✓ गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारक्षेत्रको विकास गर्ने ।<br>✓ गाउँपालिकाको विद्यमान स्रोत, साधन र सम्पदाको प्रयोग गरी समृद्ध बनाउने । |

| प्रमुख रणनीतिहरु |
|---|
| ▪ दिगो विकासका लक्ष्यहरु हासिल गर्ने । |
| ▪ दिगो र भरपर्दो भौतिक पूर्वाधारको विकास गर्ने । |
| ▪ गुणस्तरीय शिक्षा र सुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्ने । |
| ▪ हरित अर्थतन्त्रमा आधारित उत्पादन र उत्पादकत्व वृद्धि गर्न औद्योगिकिरण गर्ने । |
| ▪ प्राकृतिक स्रोत, सम्पदाको संरक्षण पहिचान र परिचालन गर्ने । |
| ▪ सार्वजनिक सेवाको सुदृढिकरण गर्ने |

## २.३ मध्यमकालीन आर्थिक खाका

गाउँपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, सांस्कृतिक स्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमुखी व्यवसायिक कृषि, उद्योग र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण सहितको आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको स्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १: स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका

| क.सं. | सूचक | एकाई | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १. | वार्षिक उत्पादन | रू. लाखमा | | | | | |
| १.१ | कृषि | रू. लाखमा | | | | | |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | | | | | |
| २. | औषत पारिवारिक आय | रू. लाखमा | | | | | |
| ३. | उद्योग, व्यापार र व्यवसाय | संख्या | | | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | |

## २.४ मध्यमकालीन नतिजा खाका

संघिय सरकारको सोह्रौं आवधिक योजना, बागमती प्रदेशको पञ्चवर्षीय योजना, सुनापति गाउँपालिकाको पार्श्वचित्र तथा गाउँपालिकाको आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी गाउँपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरिएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७९/८० को वास्तविक उपलब्धि २०८०/८१ को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ ।

**तालिका नं. ज्ञ:** समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७९/८० | आ.व. २०८४/८५ को लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ३.५* | ४.५ |
| २ | प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १४५६* | १५०० |
| ३ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३* | १५ |
| ४ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५* | ४५ |
| ५ | बेरोजगारी दर | प्रतिशत | | |
| ६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५* | ४० |
| ७ | विद्युतमा पहुँचप्राप्त परिवार | प्रतिशत | ९६.७* | ९८ |
| ९ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८५* | ९० |
| १० | इन्टरनेट प्रयोगकर्ता कुल परिवार | प्रतिशत | | |
| ११ | अपेक्षित आयु (जन्महुँदाको) | वर्ष | ७०.५* | ७१ |
| १२ | मातृ मृत्युदर (प्रतिहजार जीवितजन्ममा) | संख्या | १५०* | १३० |
| १३ | पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिलाख जीवितजन्ममा) | संख्या | ३३* | २६ |
| १४ | ४ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | | |
| १५ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.३* | ८० |
| १६ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | | |
| १७ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | |
| १८ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | २५.८* | २७ |
| १९ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | ३२* | ४२ |
| २० | लैंगिक विकास सूचकांक | सूचकांक | ०.८८५* | ०.८८७ |
| २१ | मनव विकास सूचकांक | सूचकांक | ०.६०१* | ०.६०७ |
| २२ | आधारभूतखाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | | |
| २३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पिडित महिला | प्रतिशत | | |
| २४ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | | |
| २५ | सिंचित क्षेत्रफल | प्रतिशत | | |
| २६ | पक्की सडकमा पहुँच भएको घरपरिवार | प्रतिशत | | |
| २७ | लैङ्गिक असमानता सूचक | सूचकांक | | |

**स्रोत : स्रोहौ योजना**

## २.५ मध्यमकालीन बजेट खाका

सुनापति गाउँपालिकाको आन्तरिक स्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका स्रोत समेटी गाँउपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने बजेटलाई तलको तालिका नं ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | चालुआ.व. २०८१/८२ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रक्षेपण | ०८३/८४ को प्रक्षेपण | ०८४/८५ को प्रक्षेपण |
| **बजेट अनुमान** | ४४६,०२३,९८३ | ५६९,०५२,००० | ६१४५७६१६० | ६७६०३३७७६ | ७४३६३७१५३.६ |
| चालु खर्च | | | | | |
| पुँजीगत खर्च | | | | | |
| आय अनुमान | ४४६,०२३,९८३ | ५६९,०५२,००० | ६१४५७६१६० | ६७६०३३७७६ | ७४३६३७१५३.६ |
| आन्तरिक आय | ४०२४१५२३.७४ | ५५,३१३,००० | ५९७३८०४० | ६५७११८४४ | ७२२८३०२८.४ |
| **राजस्व बाँडफाँट बाट प्राप्त रकम** | **५९४१७९३७.४३** | **९६,५२१,०००** | **१०४२४२६८०** | **११४६६६९४८** | **१२६१३३६४२.८** |
| क. नेपाल सरकार | | ७६,९००,००० | ८३०५२००० | ९१३५७२०० | १००४९२९२० |
| ख. प्रदेश सरकार | | १९,६२१,००० | २११९०६८० | २३३०९७४८ | २५६४०७२२.८ |
| रोयल्टी बाँडफाँट | | | ० | ० | ० |
| क. वन रोयल्टी | | | ० | ० | ० |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३०५,७०४,१४४** | **३२९,५२१,०००** | **३५५८८२६८०** | **३९१४७०९४८** | **४३०६१८०४२.८** |
| क. वित्तीय समानीकरण अनुदान | १००,३४७,००० | ८४,८००,००० | ९१५८४००० | १००७४२४०० | ११०८१६६४० |
| ख. सशर्त अनुदान (चालु) | १८७,६१५,२२४ | २२०,७२१,००० | २३८३७८६८० | २६२२१६५४८ | २८८४३८२०२.८ |
| ग. सशर्त अनुदान (पुँजीगत) | ७,४९७,३२५ | | ० | ० | ० |

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | चालुआ.व. २०८१/८२ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रक्षेपण | ०८३/८४ को प्रक्षेपण | ०८४/८५ को प्रक्षेपण |
| घ. विशेष अनुदान (पुंजीगत) | ६,९९८,८५६ | १४,०००,००० | १५१२०००० | १६६३२००० | १८२९५२०० |
| ङ. समपुरक अनुदान (पुँजीगत) | ३,२४५,७३९ | १०,०००,००० | १०८००००० | ११८८०००० | १३०६८००० |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **४०,६६०,३७७** | **६५,१९७,०००** | **७०४१२७६०** | **७७४५४०३६** | **८५१९९४३९.६** |
| क. वित्तीय समानीकरण अनुदान | ११,०७८,००० | १०,९२९,००० | ११८०३३२० | १२९८३६५२ | १४२८२०१७.२ |
| ख. सशर्त अनुदान (चालु) | १६,६५९,३०२ | २९,२६८,००० | ३१६०९४४० | ३४७७०३८४ | ३८२४७४२२.४ |
| ग. सशर्त अनुदान (पुँजीगत) | ४,४३८,९२३ | | ० | ० | ० |
| घ. विशेष अनुदान (चालु) | ८,४८४,१५२ | ५,०००,००० | ५४००००० | ५९४०००० | ६५३४००० |
| ङ. समपुरक अनुदान (पुँजीगत) | ० | २०,०००,००० | २१६००००० | २३७६०००० | २६१३६००० |
| च. समपुरक अनुदान (चालु) | | | ० | ० | ० |
| आन्तरिक ऋण | | | ० | ० | ० |
| अन्य अनुदान | | | ० | ० | ० |
| जनसहभागिता | | | ० | ० | ० |
| अन्तर स्थानीय तह साझेदारी रकम | | | ० | ० | ० |
| **मौज्दात रकम** | | **४७,९८४,०००** | **५१८२२७२०** | **५७००४९९२** | **६२७०५४९१.२** |
| कुल | | | ० | ० | ० |
| बचत (-) न्यून () | | | ० | ० | ० |

## २.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. घः** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | आ.व. २०८०/८१ को यथार्थ | | आगामी आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | | | ८५३८००० | ७.३९ | ९२२१०४० | ७.३९ | ९९५८७२३ | ७.३९ | १०७५५४२१ | ७.३९ |
| २ | सामाजिक विकास | | | २४६२५००० | २१.३१ | २६५९५००० | २१.३१ | २८७२२६०० | २१.३१ | ३१०२०४०८ | २१.३१ |
| ३ | पूर्वाधार विकास | | | ७४२५०००० | ६४.२६ | ८०१९०००० | ६४.२६ | ८६६०५२०० | ६४.२६ | ९३५३३६१६ | ६४.२६ |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | | | ४०००००० | ३.४६ | ४३२०००० | ३.४६ | ४६६५६०० | ३.४६ | ५०३८८४८ | ३.४६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | ४१३४००० | ३.५८ | ४४६४७२० | ३.५८ | ४८२१८९८ | ३.५८ | ५२०७६४९ | ३.५८ |
| कुल जम्मा | | | | ११५५४७००० | १०० | १२४७९०७६० | १००.०० | १३४७७४०२१ | १००.०० | १४५५५५९४२ | १००.०० |

**नोटः यस खण्डमा विषयगत समितिको लागि विनियोजन गरिएको बजेट मात्र समावेश गरिएको, वडागत कार्यक्रमको बजेट समावेश नगरिएको**

## २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा सांकेतिकरणको आधारमा गाँउपालिकाले छनौट गरेका आयोजनाको प्राथकिताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. द्ध:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व.२०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | | | | | | | | | | | |
| दोस्रो | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. छ:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | दिगो विकास लक्ष्य | आ.व.२०८०/८१ को यथार्थ | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४७०८१४ | ०.१५ | ५०८४७९ | ०.१५ | ५४९१५७ | ०.१५ | ५९३०९० | ०.१५ | ६४०५३७ | ०.१५ |
| २ | शून्य भोकमरी | ३८८२१ | ०.०१ | ४१९२६ | ०.०१ | ४५२८० | ०.०१ | ४८९०३ | ०.०१ | ५२८१५ | ०.०१ |
| ३ | स्वस्थ जीवन | ३६०२१००० | ११.५६ | ३८९०२६८० | ११.५६ | ४२०१४८९४ | ११.५६ | ४५३७६०८६ | ११.५६ | ४९००६१७३ | ११.५६ |
| ४ | गुणस्तरीय शिक्षा | ६१७६६८०० | १९.८२ | ६६७०८१४४ | १९.८२ | ७२०४४७९६ | १९.८२ | ७७८०८३७९ | १९.८२ | ८४०३३०४९ | १९.८२ |
| ५ | लैङ्गिक समानता | ४४००००० | १.४१ | ४७५२००० | १.४१ | ५१३२१६० | १.४१ | ५५४२७३३ | १.४१ | ५९८६१५१ | १.४१ |
| ६ | स्वच्छ पानी र सरसफाई | ६८७०००० | २.२० | ७४१९६०० | २.२० | ८०१३१६८ | २.२० | ८६५४२२१ | २.२० | ९३४६५५९ | २.२० |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | ९०५०००० | २.९० | ९७७४००० | २.९० | १०५५५९२० | २.९० | ११४००३९४ | २.९० | १२३१२४२५ | २.९० |

| संकेत नं. | दिगो विकास लक्ष्य | आ.व.२०८०/८१ को यथार्थ | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | ६०५३३२ | ०.१९ | ६५३७५९ | ०.१९ | ७०६०५९ | ०.१९ | ७६२५४४ | ०.१९ | ८२३५४८ | ०.१९ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ९२६५०२०० | २९.७३ | १०००६२२१६ | २९.७३ | १०८०६७१९३ | २९.७३ | ११६७१२५६९ | २९.७३ | १२६०४९५७४ | २९.७३ |
| १० | असमानता न्यूनीकरण | ३३६२९५५ | १.०८ | ३६३१९९१ | १.०८ | ३९२२५५१ | १.०८ | ४२३६३५५ | १.०८ | ४५७५२६३ | १.०८ |
| ११ | दिगो शहर र बस्तीहरु | १४५५०००० | ४.६७ | १५७१४००० | ४.६७ | १६९७११२० | ४.६७ | १८३२८८१० | ४.६७ | १९७९५११४ | ४.६७ |
| १२ | दिगो उपभोग र उत्पादन | ७४७१२५४३ | २३.९७ | ८०६८९५४६ | २३.९७ | ८७१४४७१० | २३.९७ | ९४११६२८७ | २३.९७ | १०१६४५५९० | २३.९७ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ११५०००० | ०.३७ | १२४२००० | ०.३७ | १३४१३६० | ०.३७ | १४४८६६९ | ०.३७ | १५६४५६२ | ०.३७ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | २९५९४० | ०.०९ | ३१९६१५ | ०.०९ | ३४५१८४ | ०.०९ | ३७२७९९ | ०.०९ | ४०२६२३ | ०.०९ |
| १७ | दिगो विकासका लागि साझेदारी | ५७१७०२४ | १.८३ | ६१७४३८६ | १.८३ | ६६६८३३७ | १.८३ | ७२०१८०४ | १.८३ | ७७७७९४८ | १.८३ |
| | **कुल जम्मा** | ३११६६१४२८ | १०० | ३३६५९४३४३ | १०० | ३६३५२१८९० | १०० | ३९२६०३६४१ | १०० | ४२४०११९३२ | १०० |

## २.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैंगिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ट:** लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | लैंगिक संकेत | आ.व.२०८०/८१ को यथार्थ | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ५३५२२८७८ | १२ | ५७८०४७०८.१ | १०.१६ | ६२४२९०८५ | १०.१६ | ६७४२३४१२ | १०.१६ | ७२८१७२८४ | १०.१६ |
| २ | अप्रत्यक्ष लाभ | ७५८२४०७७ | १७ | ८१८९०००३.२ | १४.३९ | ८८४४१२०३ | १४.३९ | ९५५१६५०० | १४.३९ | १०३१५७८२० | १४.३९ |
| ३ | तटस्थ | ३१६६७७०२८ | ७१ | ३४२०१११९० | ६०.१० | ३६९३७२०८५ | ६०.१० | ३९८९२१८५२ | ६०.१० | ४३०८३५६०० | ६०.१० |
| | जम्मा | ४४६०२३९८३ | १०० | ५६९०५२००० | १०० | ६१४५७६१६० | १०० | ६६३७४२२५३ | १०० | ७१६८४१६३३ | १००.०० |

## २.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना/कार्यक्रमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ठः** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | जलवायु परिवर्तन संकेत | आ.व. २०८०/८१ को यथार्थ | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | | | ९६७३८८४० | १७ | १०४४७७९४७ | १७ | ११२८३६१८३ | १७ | १२१८६३०७८ | १७ |
| | अप्रत्यक्ष लाभ | | | ३२९३१०३९२ | ५७.८७ | ३५५६५५२२४ | ५७.८७ | ३८४१०७६४२ | ५७.८७ | ४१४८३६२५३ | ५७.८७ |
| | तटस्थ | | | १४३००२७६८ | २५.१३ | १५४४४२९८९ | २५.१३ | १६६७९८४२८ | २५.१३ | १८०१४२३०२ | २५.१३ |
| | **जम्मा** | | | **५६९०५२०००** | **१००** | **६१४५७६१६०** | **१००** | **६६३७४२२५३** | **१००** | **७१६८४१६३३** | **१००** |

# परिच्छेद - ३: आर्थिक क्षेत्र

## ३.१ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी

### ३.१.१ पृष्ठभूमि

पहाडी भूभाग रहेको यो गाउँपालिकामा भिरालो जमिनको प्रधानता रहेता पनि यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो । हाम्रो कृषि अहिले पनि निर्वाहमुखी रहिआएको छ । मकै पकेट क्षेत्र, किवि पकेट क्षेत्र, जुनार तथा सुन्तला पकेट क्षेत्र, कन्ये च्याउ पकेट क्षेत्र, मौरी पकेट क्षेत्र तथा आलु पकेट क्षेत्र गरी लगभग १० वटा उत्पादनहरुलाई पकेट क्षेत्र घोषणा गरी उत्पादन प्रर्वद्धन गरिरहेको यस गाउँपालिकामा उत्पादन हुने प्रमुख खाद्यान्न बालीहरूमा धान, मकै, गहुँ, फापर, जौ हुन् भने फलफूल बालीहरूमा सुन्तला,कागती, जुनार, स्याउ, नासपाती, अनार, आँप आदि पर्दछन् । त्यसैगरी दलहन बालीहरूमा केराउ, भटमास, राज्मा, बोडी, सिमी आदि, मसला बालीहरु बेसार, अदुवा, लसुन, प्याज, खुर्सानी, धनियाँ लगायत सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर मात्रामा उत्पादन हुने गरेको छ । नगदे बालीको रुपमा यहाँका कृषकहरुले अदुवा लगाउने र विक्री गर्ने गरेका छन् ।

गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार यहाँ कृषि उपजको किनबेचको लागि ३ वटा कृषि उपज बजार पूर्वाधार तथा संकलन केन्द्रहरु स्थापना गरिएको छ । बजारीकरणको हकमा कृषकहरुको घरबारीमा स्थानीय व्यापारी मार्फत वा स्वमं व्यापारी आफै पुगी कृषि उत्पादन खरिद गरी बजार लैजाने अभ्यास रहेको छ । हाल यहाँ ३८ वटा कृषि फर्म तथा १२ वटा कृषि सहकारीहरु संचालनमा रहेका छन । यस गाउँपालिकाको हाल खेतीपाती भैरहेको क्षेत्र अत्यन्त मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो गाउँपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । गाउँपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकाले यहाँको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई वैज्ञानिकिकरण र व्यावसायिकीकरण गर्न सकिने प्रबल सम्भावना रहेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

परम्परागत तथा निर्वाहमुखी कृषि प्रणाली, पर्याप्त सिंचाईको अभाव, समयमा कृषि मल, बिउ र सामाग्रीको उपलब्ध नहुनु, कृषिको व्यवसायिकरण र कृषि उपजको बजारीकरण, उत्पादनका आधारमा कृषि पकेट क्षेत्रको प्रभावकारिता नहुनु, तरकारी तथा अन्य उत्पादनमा प्रयोग हुने अत्याधिक रसायनिक पदार्थको न्यूनीकरण गर्न नसक्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| वैज्ञानिक, व्यवसायिक र उच्च प्रतिफलयूक्त निर्यातमुखी कृषि |
| **लक्ष्य** |
| गाउँपालिकाको आर्थिक समृद्धिको मूल संवाहकको रुपमा कृषिको विकास |

**उद्देश्यहरू**

- ✓ कृषि क्षेत्रको विविधिकरण र आधुनिकीकरण गरी खाद्य निर्भरता बढाउनु ।
- ✓ उन्नतजातका पशुपालन तर्फ आकर्षित गरी स्थानीयवासीहरुको जीवनस्तरमा सुधार गर्नु ।

### ३.१.४ रणनीति

१. व्यवसायिक कृषि र पशुपालनको प्रर्वद्धन गर्ने ।
२. कृषि तथा पशुजन्य उत्पादनलाई मुल्य श्रृंखलामा आवद्ध गर्ने ।
३. कृषि भूमिको दिगो व्यवस्थापन गर्ने ।
४. स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने ।

## ३.२ जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । गाउँपालिकामा झाडी बुट्यान सहितको वनजंगल क्षेत्रले प्रशस्त भूभाग ओगटेका कारण विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । यहाँ विशेषगरी गुर्जो, बोजो, अमला, निम, तितेपाती, तुलसी, लेमन ग्रास, सर्पगन्धा, पानिअमला, नागवेली, एलोभेरा आदि जडीबुटीहरू पाइन्छन् । तथापि यस्ता जडीबुटीहरुको व्यावसायिक उत्पादन हुनसकेको छैन । यस्ता जडीबुटीहरुको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयवासीको आयआर्जनमा समेत सुधार ल्याउन सकिन्छ ।

### ३.२.१ रणनीति

१. गाउँपालिकामा पाइने बहुमुल्य जडीबुटीको पहिचान र संरक्षण गर्ने ।
२. कृषकलाई व्यवसायीक जडीबुटी उत्पादनको लागि प्रोत्साहन गर्ने ।
३. कृषि र जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यवसायीकता प्रवर्द्धन गर्ने ।

## ३.३ पशुपन्छी विकास तथा मत्स्यपालन

### ३.३.१ पृष्ठभूमि

नेपालका अन्य स्थानहरुमा जस्तै यस गाउँपालिकाका अधिकांश घरपरिवारहरूले पशुपन्छी पाल्ने गरेका छन् । समशितोष्ण क्षेत्रमा उपयुक्त हुने जातका गाई, भैंसी, बाखा, सुंगुर, बगुंर, कुखुरा, हाँस, लगायतका पशुपन्छीहरुको यहाँ व्यवसायीक उत्पादनको राम्रो सम्भावना रहेको छ । उपयुक्त जातका पशुपन्छीहरूको व्यावसायिक उत्पादनको राम्रो सम्भावना रहेको हुनाले कृषि तथा पशु फर्महरू मार्फत पशुपन्छीहरूको व्यवसायीक उत्पादन समेत हुँदै आएको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैँसी, कुखुरा, बाखा, बुङ्गुर पाल्ने र बिक्री गर्ने गर्दछन् ।

### ३.३.२ समस्या तथा चुनौती

पशुपन्छीपालन कार्यलाई व्यवसायिक बनाउन नसकिनु, बजारको माग अनुसारको उत्पादन र आपूर्ति संयन्त्रको व्यवस्था नहुनु, पशुपन्छी, मत्स्य पालन सेवा केन्द्र तथा दक्ष प्राविधिकहरूको पर्याप्त व्यवस्था र तालिम नहुनु, कृषि उपज भण्डारण तथा उचित बजारको सुनिश्चितता हुन नसक्नु जस्ता समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

## ३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| व्यवसायिक पशुपन्छी तथा जडिबुटी उत्पादन मार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| व्यवसायीक कृषि, पशुपक्षींपालन मार्फत रोजगारी सृजना गरी समृद्ध गाउँपालिका बनाउने |
| **उद्देश्यहरू** |
| ✓ पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु ।<br>✓ पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु । |

## ३.३.४ रणनीति

१. पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने ।
२. युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने ।
३. पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने ।
४. कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने ।
५. पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने ।

## ३.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि रणनीतिक गुरुयोजना तयारी | कृषि विकासको लागि मार्गदिशा तय | ०८२/८३ ०८२/८३ | १००० | कृषि रणनीतिक गुरुयोजना तयारी भएको हुने |
| २ | कृषि तथा पशुपक्षी तथ्याङ्क अद्यावधिक | तथ्याङ्क अद्यावधिक | सालबसाली | २५०० | कृषि तथा पशुपक्षी तथ्याङ्क अद्यावधिक भएको हुने |
| ३ | एक वडा एक कृषि तथा पशु सेवा केन्द्र स्थापना | कृषि तथा पशुपक्षींपालकमा प्रोत्साहन | ०८२/८३-०८३/८४ | २००० | एक वडा एक कृषि तथा पशु सेवा केन्द्र स्थापना भएको हुने |
| ४ | सुनौलो कृषक पुरस्कारलाई निरन्तरता | कृषि कार्यलाई प्रोत्साहन | साल बसाली | | वडा स्तरिय उत्कृष्ट कृषक पुरस्कारको प्रवन्ध भएको हुने |
| ५ | एक टोल एक उत्पादन नीति कार्यान्वयन | उत्पादन प्रोत्साहन | ०८२/८३ ०८३/८४ | २०० | एक टोल एक उत्पादन नीति कार्यान्वयन भएको हुने |
| ६ | वडास्तरीय उच्च मूल्यका बाली तथा उत्पादन सम्भाव्यता अध्ययन | उच्च मूल्यका बाली पहिचान | ०८२/८३ ०८२/८३ | १३०० | वडास्तरीय उच्च मूल्यका बाली तथा उत्पादन सम्भाव्यता अध्ययन |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७ | प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र निर्माणका लागि सम्भाव्यता अध्ययन | वडा बाली विशेष पकेट क्षेत्र निर्माण | ०८३/८४ ०८३/८४ | २०० | प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र निर्माणका लागि सम्भाव्यता अध्ययन भएको हुने |
| ८ | विपन्न कृषक बीमा अनुदान | कृषक बीमा अनुदान | ०८२/८३ ०८३/८४ | ६५० | विपन्न कृषक बीमा अनुदान प्राप्त गरेका हुने |
| ९ | कृषि क्षेत्र विशेष अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण | कृषक अनुभव आदन प्रदान | साल बसाली | २०० | कृषि क्षेत्र विशेष अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण भएको हुने |
| १० | कृषि मेलाको आयोजना | कृषि प्रर्दशनी | ०८२/८३- ०८३/८४ | २००० | वार्षिक रुपमा १ कृषि मेलाको आयोजना भएको हुने |
| ११ | शीत भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन | शीत भण्डार निर्माण | ०८२/८३ ०८२/८३ | २०० | १ शीत भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन भएको हुने |
| १२ | गाउँपालिकास्तरीय सामुदायिक कृषि सेवा केन्द्र स्थापना | कृषि सेवा केन्द्र स्थापना | ०८२/८३- ०८२/८३ | १५०० | १ सामुदायिक कृषि सेवा केन्द्र स्थापना भएको हुने |
| १३ | कृषि उपभोग्य वस्तु बस्तुगत माग तथ्याङ्क संकलन | कृषि वस्तुको उत्पादन र मागको अभिलेख | ०८२/८३- ०८२/८३ | १०० | कृषि उपभोग्य वस्तु बस्तुगत माग तथ्याङ्क संकलन भएको हुने |
| १४ | गाउँपालिकामा पाइने सबै प्रकारका ब्रोसर तथा जडीबुटीको प्रोफाइल तयार | जडीबुटीको प्रोफाइल तयार | ०८३/८४ ०८३/८४ | ५०० | गाउँपालिकामा पाइने सबै प्रकारका ब्रोसर तथा जडीबुटीको प्रोफाइल तयार गरिएको हुने |
| १५ | अगुवा तथा युवा पशुपन्छी पालक कृषक पहिचान | कृषक पहिचान | ०८२/८३- ०८३/८४ | १००० | अगुवा तथा युवा पशुपन्छी पालक कृषक पहिचान भएको हुने |
| १६ | व्यवसायिक पशुपन्छी पालक, युवा कृषक, वैदेशिक रोजगारीबाट फर्किएका युवालाई व्याज अनुदान | व्याज अनुदान | सालबसाली | १२०० | युवा कृषक तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरु उद्यममा संलग्न भएका हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १७ | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान | कृषि अनुदान | ०८२/८३- ०८४/८५ | १४०० | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान प्रदान गरिएको हुने |
| १८ | सामुहिक व्यवसाय गर्ने समूहलाई व्याजमा सहुलियत | व्याजमा सहुलियत | सालबसाली | ७०० | सामुहिक व्यवसाय गर्ने कम्तीमा १५ वटा समूहलाई व्याजमा सहुलियत प्रदान गरिएको हुने |
| १९ | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा उपलब्ध | ०८२/८३- ०८४/८५ | ६५० | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन भएको हुने |
| २० | उन्नत नश्ल तथा कृत्रिम गर्भाधान सेवा विस्तार | पशु प्रजनन सेवाको विस्तार | ०८२/८३ ०८२/८३ | ८०० | उन्नत नश्ल तथा कृत्रिम गर्भाधान सेवा विस्तार भएको हुने |
| २१ | दुग्ध चिस्यान केन्द्रको स्थापना | दुग्ध उत्पादन प्रोत्साहन तथा बजारीकरणमा सहजिकरण | ०८३/८४- ०८३/८४ | १५५० | पलिका स्तरीय १ दुग्ध चिस्यान केन्द्रको स्थापना गरिएको हुने |
| २२ | पशुपालन पकेट क्षेत्र र घाँस बीज बैङ्क स्थापना | घाँस बीज बैङ्क स्थापना | ०८२/८३- ०८४/८५ | २००० | पशुपालन पकेट क्षेत्र र १ घाँस बीज बैङ्क स्थापना भएको हुने |
| २३ | अद्यावधिक पशुपन्छी तथ्याङ्क प्रणाली निर्माण | तथ्याङ्क प्रणाली निर्माण | ०८२/८३ ०८२/८३ | ३०० | अद्यावधिक पशुपन्छी तथ्याङ्क प्रणाली निर्माण भएको हुने |
| २४ | पशुपन्छी उपज संकलन केन्द्रको निर्माण | संकलन केन्द्रको निर्माण | ०८३/८४ ०८३/८४ | ८०० | पशुपन्छी उपज संकलन केन्द्रको निर्माण भएको हुने |

### ३.३.६ जोखिम पक्ष तथा अनुमान

विभिन्न कृषि पेशामा संलग्न कृषकको खण्डिकृत तथ्याङ्क उपलब्ध हुने, व्यवसायिक कृषिका लागि आवश्यक प्राविधिक सेवामा सहज पहुँच सुनिश्चित हुने, उच्च मुल्यका बालीनालीबारे कृषकलाई जानकारी हुने, उद्यमी सोचयुक्त नवयुवा कृषिमा आर्कषित हुने, उचित भण्डारणका लागि शीतघर, बिक्री वितरण केन्द्र/कक्षको स्थापना, उत्पादन संभावनाका आधारमा जोनिङ्ग हुने, जडीबुटी सम्बन्धी प्रोफाइलिङ्ग हुने, सार्वजनिक खरिद प्रक्रिया सरल हुने, पशुपंक्षी तथा माछा पालक कृषकको तथ्याङ्क उपलब्ध, कृषि सामाग्रीमा अनुदान, उपयुक्त लगानी, कृषक अभिमुखिकरण, बजारको पहिचान, माग र आपूर्तिबीच सम्बन्ध कायम गराउन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ। गाउँपालिका क्षेत्रमा पशुपंक्षी तथा माछा पालक कृषकको तथ्याङ्क उपलब्ध, प्राविधिक सेवाको विस्तार र सहज पहुँच स्थापना, संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना पशुपंक्षी तथा माछा पालक कृषकलाई सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध भएमा व्यवसायिक उत्पादन फस्टाउने सम्भावना रहन्छ।

## ३.४ उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति

### ३.४.१ पृष्ठभूमि

गाउँपालिकामा व्यावसायिक रूपमा गाई, भैंसी, बंगुर, माछा, कुखुरा, बाखा आदि पालन भइरहेको छ यसका साथै पोल्ट्री फर्म, राइस मिल, गाईपालन, तेल मिल, टेलर्स, होटल एण्ड रिसोर्ट आदि जस्ता व्यवसायहरु सञ्चालन भइरहेका छन् भने यहाँ थाङ्का र गलैचा उद्योगहरु समेत संचालनमा रहेका छन भने यहाँका केही स्थानीयहरुले बुद्धचित्त मालाको विरुवाबाट मनग्य आम्दानी गरिरहेका छन् । गाउँपालिकाको आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार यहाँ ३८९ वटा उद्योग तथा व्यवसायहरु दर्ता भइ संचालनमा रहेका छन् ।

### ३.४.२ समस्या तथा चुनौती

आर्थिक पूर्वाधारको कमी, बैंक तथा वित्तीय औद्योगिक कर्जा परिचानको कमजोर अवस्था, संगठित निजी क्षेत्रको अनुपस्थिती, अद्यौगिक सीप विकास केन्द्र नहुनु लगायतका समस्या तथा चुनौती खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा व्याप्त छन् ।

### ३.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| पालिकामा उद्योग घरघरमा उत्पादन, जनसहभागितामुलक रोजगारी र आयआर्जन |
| **लक्ष्य** |
| उद्योग धन्दा, व्यापार तथा आपूर्ति मार्फत गाउँपालिकाको अर्थतन्त्रमा वृद्धि गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ उद्योग, व्यापार, व्यावसाय र आपूर्तिको विकास गरी आय र रोजगारी वृद्धि गर्नु ।<br>✓ स्थानीय उत्पादनलाई प्रोत्साहन गरी उद्यमी सिर्जना गर्नु । |

### ३.४.४ रणनीति

१. उद्यमशीलताको प्रर्वद्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने ।
२. व्यापार व्यवसायको विकास र विस्तार गर्ने ।
३. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने ।

### ३.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला तथा युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | नव उद्यमीलाई प्रोत्साहन | ०८२/८३ ०८४/८५ | १००० | १०० जना महिला तथा युवा उद्यमी पहिचान गरी अनुदान वितरण गरिएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | बजार क्षेत्रको नियमित अनुगमन | चुस्त दुरुस्त व्यवस्थापन | सालबसाली | ५०० | बजार क्षेत्रको नियमित अनुगमन भएको हुने |
| ३ | पालिकास्तरीय औद्योगिक ग्राम निर्माणको सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | ०८२/८३ ०८२/८३ | १००० | पालिकास्तरीय औद्योगिक ग्राम निर्माणको सम्भाव्यता अध्ययन भएको हुने |
| ४ | औद्योगिक क्षेत्र विद्युतीकरण, सडक निर्माण र स्तरोन्नति | औद्योगिक पूर्वाधार निर्माण | ०८२/८३ ०८४/८५ | ९००० | औद्योगिक क्षेत्र विद्युतीकरण, सडक निर्माण र स्तरोन्नति भएको हुने |
| ५ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | कच्चा पदार्थ उत्पादन गर्न कृषकलाई प्रोत्साहन | साल बसाली | १०० | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया गरिएको हुने |
| ६ | एक वडा एक कृषि उद्योग अन्तर्गत उद्योगी पहिचान | उद्योगी पहिचान | ०८३/८४ ०८३/८४ | ५०० | एक वडा एक कृषि उद्योग अन्तर्गत उद्योगी पहिचान गरिएको हुने |
| ७ | कृषि उद्योगी विशेष अभिमुखीकरण कार्यक्रम | कृषिमा आधारित उद्योगीलाई अभिमुखीकरण | साल बसाली | | कृषि उद्योगी विशेष अभिमुखीकरण कार्यक्रम |
| ८ | थाङ्का र गलैंचा उद्योगको प्रर्वद्धन | रैथानउद्यमी लाई प्रोत्साहन | ०८२/८३ ०८३/८४ | १५०० | थाङ्का र गलैंचा उद्योगको प्रर्वद्धन भएको हुने |
| ९ | स्थानिय औधोगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धि तालिम | औद्योगिक सीप विकास | ०८२/८३ ०८३/८४ | १३०० | स्थानिय औधोगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धि तालिमहरु संचालन भएको हुने |
| १० | उपभोक्ता हित, नीति कानुन र मापदण्ड निर्माण | कानूनको निर्माण | ०८३/८४ ०८३/८४ | २६० | उपभोक्ता हित, नीति कानुन र मापदण्ड निर्माण भएको हुने |
| ११ | व्यवसाय दर्ता अभिलेखिकरण प्रणाली निर्माण | प्रणालीको विकास | ०८३/८४ ०८३/८४ | ४०० | व्यवसाय दर्ता अभिलेखिकरण प्रणाली निर्माण भएको हुने |
| १२ | पालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास | गाँउपालिकाको आयात र निर्यात प्रणालीको विकास | साल बसाली | ५०० | पालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १३ | बहाल बिटौरी कर लागू गर्नेगरी व्यापारिक स्टल निर्माण | व्यापारिक स्टल निर्माण | ०८२/८३-०८३/८४ | ५०० | बहाल बिटौरी कर लागू गर्नेगरी व्यापारिक स्टल संचालन भएका हुने |
| १४ | उपयुक्त स्थानमा संघ र प्रदेश सरकारसँगको सहकार्यमा हाटबजार पूर्वाधार निर्माण | आर्थिक पूर्वाधार निर्माण | ०८२/८३-०८३/८४ | २५०० | पालिकामा हाटबजार पूर्वाधारहरु निर्माण भएको हुने |

### ३.४.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा उपलब्ध खानी, खनिजको उपलब्धता सम्बन्धी अध्ययन-अनुसन्धान, आधारभूत आर्थिक पूर्वाधारको निर्माण, उद्योग स्थापनाका संभाव्य क्षेत्रको पहिचान, उद्योग र श्रम मैत्री कानुनको तर्जुमा, गाँउक्षेत्रको योजनाबद्ध विकास गरी विकसित र सुविधासम्पन्न शहर, बढ्दो बसाईसराइमा कमी, युवा पलायनलाई दुरुत्साहन, उद्यमशीलताको विकास, विशेष कर छुट, अनुदान, सहुलियपूर्ण ऋण मार्फत लगानी आर्कषण, उपभोक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता कियाकलाप सञ्चालन गर्न सकेमा गाँउ क्षेत्रमा खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको पर्याप्त विकास हुन सक्छ। भौतिक, आर्थिक, वित्तिय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

यो गाउँपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक तथा सांस्कृतिक विविधता एवं ऐतिहासिक महत्वका विभिन्न स्थानहरुले भरिपूर्ण रहेको छ। हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको पर्याप्त विकास हुन नसकेता पनि यस गाउँपालिकामा पर्यटनको सम्भावना अत्याधिक रहेको छ। विशेष गरी यो गाउँपालिकालाई धार्मिक तथा साँस्कृतिक पर्यटन, कृषि पर्यटन, पर्यापर्यटन र शैक्षिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ। गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकीय सम्भावना बोकेका स्थानहरुमा  सुनापति डाँडा, १०८ लहरे माने, अग्लेश्वर, गुन्सीमा रहेको शतलिङ्गेश्वर क्षेत्र, आलामपुर भिमसेन, प्रसिद्ध महादेव मन्दिर लगायत रहेका छन यसका साथै सिम्ले-देउराली-दर्वे डाँडा-नाङ्गे डाँडा हुँदै गुराँसे पदमार्ग निर्माण गर्न सके थप पर्यटन प्रर्वद्धन गर्न सकिन्छ। यहाँ होमस्टे र साँस्कृतिक पर्यटनको समेत उत्तिकै सम्भावना रहेको छ। यसका साथै कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ। ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकाले तिनीहरूको संरक्षण गर्नु जरुरी छ। गाउँपालिकामा उर्वर कृषि क्षेत्रहरू रहेकाले ती क्षेत्रहरूलाई नमूना कृषि क्षेत्रको रुपमा विकास गर्न सके कृषि पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ। तसर्थ हाल पर्यटकहरूका लागि होटल तथा होमस्टेहरूका साथै अन्य आवश्यक सेवा सुविधा विस्तार गर्न आवश्यक रहेको छ।

### ३.५.२ समस्या तथा चुनौती

गाउँपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नगरिनु, पर्यटकीय हिसाबले सहज यातायात पहुँच नहुनु, पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त मात्रामा आर्कषण गर्न नसकिनु, गुणस्तरीय आधारभूत भौतिक पूर्वाधारको अभाव, सुरक्षा र आपतकालिन उद्धारको भरपर्दो व्यवस्थाको कमी, मनोरञ्जनात्मक सुविधाको कमी, आतिथ्यता सत्कार सम्बन्धी ज्ञान र सीपको कमी लगायतका समस्या र चुनौती यो गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### ३.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| पर्यटन पूर्वाधारको विकासः आर्थिक, सामाजिक र सांस्कृतिक सम्बृद्धिको आधार |
| **लक्ष्य** |
| पर्यटकीय क्षेत्रहरुको व्यवस्थित गरी महत्वपूर्ण पर्यटकीय स्थानको रुपमा परिचित गर्ने<br>पर्यटन सेवा र पूर्वाधारहरुको विकास गरी पर्यटन प्रर्वद्धनद्धारा आर्थिक गतिविधिहरु बढाउने । |
| **उद्देश्यहरू** |
| ✓ आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु ।<br>✓ स्थानीय कला, संस्कृति र प्राकृतिक विविधताको संरक्षण गर्दै पर्यापर्यटनसँग आवद्ध गर्नु ।<br>✓ ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास गर्नु ।<br>✓ पर्यटकीय क्षेत्रहरुलाई पर्यटकीय सर्किटद्धारा जोडेर पर्यटन गतिविधि बढाउनु । |

### ३.५.४ रणनीति

१. प्रमुख पर्यटकिय स्थलसम्म पुग्ने सडकहरुको स्तरोन्नती गर्ने ।
२. पर्यटक संख्या, पर्यटकको बसाइ अवधि र खर्च गराइमा वृद्धि गर्ने ।
३. मौलिक कला तथा साँस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने ।
४. धार्मिक स्थलको निर्माण र जिर्णोद्वार गर्ने ।
५. गाउँपालिकाका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने ।
६. गाउँपालिका भर सञ्चालन गर्न सकिने सम्पूर्ण पदमार्गहरूको सम्भाव्यता अध्ययन गर्ने ।

### ३.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय मार्गको वस्तुगत विवरण संकलन तथा प्रकाशन तथा प्रचार प्रसार | पर्यटकीय मार्गको स्तरोन्नती | ०८२/८३<br>०८२/८३ | ५०० | पर्यटकीय मार्गको वस्तुगत विवरण संकलन तथा प्रकाशन गरी प्रचार प्रसार भएको हुने |
| २ | मुख्य पर्यटकीय केन्द्र जोड्ने सडक विस्तार तथा स्तरोन्नती | सडकको सहज पहुँच | सालबसाली | १०००० | मुख्य पर्यटकीय केन्द्र जोड्ने सडकहरु विस्तार |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | तथा स्तरोन्नती भएका हुने |
| ३ | टुरिजम सर्किटको निर्माण | टुरिजम सर्किट निर्माण | ०८२/८३ ०८२/८३ | १००० | टुरिजम सर्किटको निर्माण |
| ४ | पर्यटन विकास गुरुयोजना निर्माण | गुरुयोजना निर्माण | ०८३/८४ ०८३/८४ | ३०००० | पर्यटन विकास गुरुयोजना निर्माण भएको हुने |
| ५ | हिलेदेवि बजार क्षेत्रमा पर्यटन सूचना केन्द्रको स्थापना | पर्यटन सूचना केन्द्रको स्थापना | ०८३/८४ ०८३/८४ | १००० | पर्यटन सूचना केन्द्रको स्थापना |
| ६ | सम्भाव्य स्थानमा होटल तथा रिसोर्ट खोल्न नीजि क्षेत्रसँग अन्तरक्रिया | पर्यटनमा निजी क्षेत्रको लगानी वृद्धि | साल बसाली | ८०० | सम्भाव्य स्थानमा होटल तथा रिसोर्ट खोल्ने कार्य थालनी भएको हुने |
| ७ | आदिवासी जनजाति सघन क्षेत्रमा होमस्टे प्रवर्द्धन तथा शिष्टचार सम्बन्धी तालिम | मौलिकताको प्रवर्द्धन | ०८३/८४ ०८४/८५ | १४०० | आदिवासी जानजाति सघन क्षेत्रमा होमस्टे प्रवर्द्धन तथा शिष्टचार सम्बन्धी तालिम संचालन भएको हुने |
| ८ | कुशेश्वर महादेव स्थान दुम्जा देखि सुनापति डाँडा सम्म केवलकार संचालन गर्न सम्भाव्यता अध्ययन | पर्यटन प्रर्वद्धन | ०८३/८४ ०८३/८४ | ५०० | कुशेश्वर महादेव स्थान दुम्जा देखि सुनापति डाँडा सम्म केवलकार संचालन गर्न सम्भाव्यता अध्ययन भएको हुने |
| ९ | पर्यटन क्षेत्र व्यवस्थापन समितिका सदस्यहरूलाई व्यवस्थापन तालिम तथा अभिमुखीकरण | व्यवस्थापकीय सीपको विकास | साल बसाली | ५०० | पर्यटन क्षेत्र व्यवस्थापन समितिका सदस्यहरूलाई व्यवस्थापन तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको हुने |
| १० | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण | जिर्णोद्धार तथा निर्माण | ०८२/८३- ०८३/८४ | ९००० | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण भएको हुने |
| ११ | पर्यटन प्रवर्द्धनको लागि धार्मिक, साँस्कृतिक मेला, महोत्सव आयोजना गर्ने | महोत्सव आयोजना | साल बसाली | ५०० | पर्यटन प्रवर्द्धनको लागि धार्मिक, साँस्कृतिक मेला, महोत्सव आयोजना भएको हुने |
| १२ | गाउँपालिकाको नजिकको दुरीमा रहेका शैक्षिक संस्थाहरूसँग अन्तरक्रिया | शैक्षिक संस्था मार्फत पर्यटनको प्रचारप्रसार | साल बसाली | ३०० | गाउँपालिकाको नजिकको दुरीमा रहेका शैक्षिक संस्थाहरूसँग अन्तरक्रिया भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १३ | पर्यटकीय स्थलहरुमा सरसफाइका कार्यक्रम संचालन | सरसफाइ प्रर्वद्धन | साल बसाली | ३०० | पर्यटकीय स्थलहरुमा सरसफाइका कार्यक्रम संचालन गरिएको हुने |

### ३.५.६ जोखिम पक्ष तथा अनुमान

बृहत पर्यटन विकास गुरुयोजना निर्माण, पर्यटकीय दृष्ट्रिकोणले सम्भाव्य क्षेत्र र वस्तुको पहिचान, पूर्वाधारको विकास, सहज वित्तीय सेवा, आवास, स्वास्थ्य, सुरक्षा तथा सूचना सेवाको सुनिश्चितता, स्थानीय मौलिक कला, संस्कृति, खाद्यान्नको संरक्षण, पर्यावरणीय संरक्षण, आतिथ्य सत्कार जस्ता आधारभूत पक्षमा गाउँपालिका र समग्र पालिकाबासी प्रतिबद्ध भएर लागेमा पर्यटनको क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल हुने देखिन्छ । आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ ।

## ३.५ सहकारी

### ३.५.१ पृष्ठभूमि

पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बामध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार गाउँपालिकामा हाल १८ वटा कृषि सहकारी संस्था, १३ वटा बचत तथा ऋण सहकारी संस्था र ११ वटा वहुउदेश्यि सहकारी संस्था गरी जम्मा ४२ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् । यसका साथै २ वटा बैकंहरुले पनि बैकिंङ सेवा प्रवाह गरिरहेका छन् ।

### ३.५.२ समस्या तथा चुनौती

सहकारीको संख्यात्मक वृद्धि भए तापनि गुणात्मक विकास हुन नसक्नु, सामाजिक पुँजी निर्माण भन्दा ऋण परिचालनमा जोड, फितलो नियमन, पारदर्शिता र आर्थिक अनुशासनमा कमी, नियामक निकायको प्रभावकारीतामा कमी लगायतका समस्या तथा चुनौतीको विद्यमानता यो गाउँपालिकामा समेत रहेको छ ।

### ३.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामुहिकता र सहकार्यमार्फत सबल अर्थतन्त्र निर्माण |
| **लक्ष्य** |
| सहकारीको संस्थागत विकासमार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने । |
| **उद्देश्यहरू** |
| ✓ सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्नु ।<br>✓ सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु । |

## ३.५.४ रणनीति

१. सहकारी नीति परिमार्जन तथा निर्माण गरी ग्रामिण अर्थतन्त्रमैत्री बनाउने ।
२. सहकारीलाई व्यवसायिककरणका अभ्याससँग एकीकृत गर्ने ।
३. सहकारी क्षेत्रमा देखिएका समस्याहरुलाई सम्बोधन गर्ने ।

## ३.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | सहकारी शिक्षा प्रवर्द्धन | साल बसाली | ५०० | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन भएको हुने |
| २ | कोपोमिसमा सहकारीलाई आबद्धता गराई तथ्याङ्क प्रणाली निर्माण र कोपोमिस सम्बन्धी तालिम प्रदान | संस्थागत आबद्धता | ०८२/८३-०८३/८४ | १४०० | कोपोमिसमा सहकारीलाई आबद्धता गराई तथ्याङ्क प्रणाली निर्माण र कोपोमिस सम्बन्धी तालिम प्रदान गरिएको हुने |
| ३ | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानून तथा मापदण्ड निर्माण | सहकारी सम्बन्धी आवश्यक कानून निर्माण | ०८३/८४-०८३/८४ | १४०० | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानून तथा मापदण्ड निर्माण भएको हुने |
| ४ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | ०८३/८४-०८३/८४ | ६०० | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन गरिएको हुने |
| ५ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | प्रोत्साहनमूलक कार्यक्रम | साल बसाली | ११०० | उत्कृष्ट सहकारी पुरस्कार वितरण भएको हुने |

## ३.५.६ जोखिम पक्ष तथा अनुमान

सहकारीको मूल मर्म र भावना अनुसार सहकारीका सदस्य र सञ्चालकलाई अभिमुखिकरण, सहकारीको माध्यमबाट सामाजिक सद्भावको निर्माण, रचनात्मक र प्रतिस्पर्धात्मक भावनाको विकास, सहकारी मार्फत औद्योगिकरण, गरिबी निवारण, लक्षित वर्गको स्तरोन्नतीमा टेवा पुऱ्याउने कार्यक्रममा विस्तार गर्न सकेमा अपेक्षित उपलब्धि हासिल हुन सक्छ। पर्याप्त लगानी, सतही ज्ञान र सूचनाको सम्प्रेषण गर्न नसकेमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.६ गरिबी निवारण

### ३.६.१ पृष्ठभूमि

वि.स. २०१३ को प्रथम आवधिक योजना देखि हालको सोह्रौं योजना सम्मका हरेक विकास योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्दाको रुपमा गरीबी निवारण रहेको छ । जति विकासका योजनाहरू बने पनि गरीबी निवारण गर्न भने सकिएको छैन् । दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारका गरीबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए पनि कुल जनसंख्याको ५ प्रतिशतमा सीमित गर्ने रहेको छ । नेपाल सरकारले गरीबी निवारण गर्न लिएको लक्ष्य तथा उद्देश्य अनुरुप गाउँपालिकाले बेरोजगार तथा युवाहरुको वास्तविक बस्तु स्थिति अद्यावधिक गरी कार्ययोजना बनाएर बेरोजगार तथा युवाहरुलाई रोजगारमुलक कार्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ३.६.२ समस्या तथा चुनौती

वास्तविक गरिबीको पहिचानमा कमी, वितरणमुखी कार्यक्रम, निर्वाहमुखी कृषि पेशा, सीप र रोजगारमुलक शिक्षाको कमी, श्रमको सम्मान गर्ने संस्कृतिको अभाव, शिक्षा र जनचेतनामा कमी रहेकोले गरीबी घटाउन कठिन लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ३.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ज्ञान, सिप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरीबी |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा हालको गरीबीलाई पचास प्रतिशत कम गर्ने । |
| **उद्देश्यहरू** |
| निरपेक्ष र बहुआयमिक गरीबीमा रहेको जनताको गरीबी निवारण गरी जीवनस्तर उकास्ने । |

### ३.६.४ रणनीति

१. गरीबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने ।

२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।

३. विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने ।

### ३.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | गरिब परिवार पहिचान सूचना संकलन | कारण सहित अद्यावधिक तथ्याङ्कको उपलब्धता | ०८२/८३<br>०८२/८३ | ५०० | गरिब परिवार पहिचान सूचना संकलन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २. | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | सूचना तथा तथ्याङ्क संकलन | ०८२/८३ ०८२/८३ | ३०० | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन भएको हुने |
| ३. | गरिब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम | पोषण तथा खाद्य सुरक्षा | साल बसाली | २५०० | गरिब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम भएको हुने |
| ४. | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम | स्वास्थ्यमा सुलभ पहुँच | साल बसाली | ५०० | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम संचालन भएको हुने |
| ५. | विपन्न नागरीक आवास कार्यक्रम | आवासको सुनिश्चितता | साल बसाली | ११००० | १०० विपन्न नागरीक आवास निर्माण भएको हुने |
| ६. | आवश्यकतामा आधारित तालिम सञ्चालन | सीप र स्वरोजगारीलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | २००० | आवश्यकतामा आधारित तालिम सञ्चालन भएको हुने |
| ७. | अति विपन्न परीवार लक्षित उद्यमी अनुदान | उद्यमी अनुदान | ०८३/८४-०८३/८४ | ७०० | अति विपन्न ५० परीवार उद्यमीले अनुदान प्राप्त गरेका हुने |

### ३.६.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा बसोबास गर्ने गरीब, घरपरिवार विहिन, बेरोजगारको लगत संकलन, गरिबीको कारण र सम्बोधनका उपायको पहिचान, लक्षित वर्ग कार्यक्रम सञ्चालन, जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरण, विभिन्न तहका सरकार र क्षेत्रले सञ्चालन गर्ने कार्यक्रमबीच समन्वय, सीप विकास, उद्यमशीलता विकास, मनोसामाजिक रुपान्तरणका कार्यक्रम प्राथमिकता र पर्याप्त स्रोत विनियोजनका साथ कार्यान्वयन गरिएमा गरिबी निवारणको उद्देश्य प्राप्ति हुन्छ भने कोभिड-१९ जस्ता महामारी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तीले गरिबीको सघनतालाई झन बढाउने जोखिम हुन्छ ।

#### नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **कृषि** | | | | |
| | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | २.३ | ३.२ |
| | प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनका योगदान | प्रतिशत | २० | १८ |
| | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | ८१ | ८५ |
| | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | प्रतिशतमा | १३.८१ | २० |
| | असर | माटोमा औसत जैविक पदार्थको मात्रा | प्रतिशतमा | ३.७९ | ३.८० |
| | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशतमा | १६.८७ | १५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | पूर्णरुपमा व्यवसायिक कृषिमा प्रयोग भैरहेको जमिन ( प.दि.वि.ल.(२.४.१) | प्रतिशतामा | २१.६ | २५ |
| | असर | व्यवसायीक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | संख्यामा | १०३ | २५७ |
| | असर | धान उत्पादन | मे.टन (हजार) | ३९३.७६ | ४०५ |
| | असर | मकै उत्पादन | मे.टन (हजार) | १२३० | १३०१० |
| | असर | गहुँ उत्पादन | मे.टन (हजार) | २०३ | २५१ |
| | असर | कोदो उत्पादन | मे.टन (हजार) | २४३ | ३०७ |
| | असर | आलु उत्पादन | मे.टन (हजार) | ५६ | ८७ |
| | असर | अन्य तरकारी उत्पादन | मे.टन (हजार) | ५३६ | ५८२ |
| | प्रतिफल | कृषि सूचना तथा स्रोत केन्द्र | संख्या | १ | ५ |
| | प्रतिफल | एग्रोभेट | संख्या | ३ | ७ |
| | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | ५ | १० |
| | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | ० | ३ |
| | प्रतिफल | Custom Hiring Center | संख्या | ० | १ |
| | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | ६ | ११ |
| | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | | |
| | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | १८ | २१ |
| | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता प्रतिशत | कृषक प्रतिशत | १० | २७ |
| | प्रतिफल | गाँउपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम प.दि.बि.ल.(२.ख.१) | रू लाखमा | १३ | ७५ |
| | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कूल बजेटको) .प.दि.वि.ल.(२.क.१) | | ०.२५ | १.५ |
| | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षती | प्रतिशतमा | २५ | १५ |
| | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | ३९ | ४७ |
| | प्रतिफल | सन्तुलित मूल्य श्रृंखलामा समेटिएका कृषि उपज | संख्या | ४ | १५ |
| | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | १० | १३ |
| | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | ३ | ११ |
| | प्रतिफल | कृषक समूह | संख्या | ७२ | ७५ |
| | प्रतिफल | दुध चिस्यान तथा डेरी | संख्या | १ | ३ |
| | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | ४ | ६ |
| | प्रतिफल | व्यवसायिक जाडिबुटी खेती गरिएको जडीबुटी नर्सरी | संख्या | ० | ३ |
| | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हेक्टर | ७७.६ | ९७ |
| | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | १० | १३ |
| | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | ६० | ४० |
| | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | ० | ५ |
| | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | ७० | ३१५ |
| | प्रतिफल | उन्नत नश्लका पशुपन्छी स्रोत केन्द्र | संख्या | २ | ५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | रैथाने पन्छी तथा पशुपालक फार्म | संख्या | ७० | १०३ |
| | प्रतिफल | घाँसेवालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | ८७ | ३७३ |
| | प्रतिफल | भेटिरिनरी प्रयोगशाला | संख्या | १ | ३ |
| | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | ० | ३ |
| | **पर्यटन** | | | | |
| | प्रतिफल | पर्यटक आगमन | संख्या | १०० | १५०० |
| | असर | रोजगारीमा योगदान | संख्या | २७ | १२३ |
| | असर | कूलग्राहस्थ उत्पादनमा योगदान | | | |
| | असर | पर्यटक बसाइ अवधि | दिन | २ | ७ |
| | असर | प्रति पर्यटक प्रतिदिन खर्च | रुपैया | ५००० | ७५०० |
| | प्रतिफल | आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | ५ | ११ |
| | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्बद्ध जनशक्ति | संख्या | ५ | ४५ |
| | प्रतिफल | आधारभूत सुविधायुक्त होटल, रिसोर्ट, लज | संख्या | ५ | २३ |
| | प्रतिफल | होमस्टे | संख्या | ७ | १७ |
| | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | १ | ५ |
| | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | ० | ३ |
| | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन बिक्री केन्द्र | संख्या | १ | ३ |
| | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | ३ | ५ |
| | **खानी, खनिज, उद्योग वाणिज्य तथा आपूर्ति** | | | | |
| | असर | गैर कृषि क्षेत्रमा (उद्योगमा) संलग्न रोजगारहरू | प्रतिशत | | |
| | असर | कूल रोजगारीमा ठूला उद्योगको योगदान (९.२.२) | प्रतिशत | | |
| | असर | कूल गार्हस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान ( प.दि.वि.ल. ८.३.१) | प्रतिशत | | |
| | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | खुद्रा व्यापारमा संलग्न जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | आयात मूल्य | रकममा | | |
| | प्रतिफल | निर्यात मूल्य | रकममा | | |
| | प्रतिफल | थोक तथा खुद्रा व्यापारमा कुल लगानी | रकममा | | |
| | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | ० | २ |
| | प्रतिफल | साना उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | ठूला उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | | |
| | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | युवा उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिगत नाममा दर्ता) | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | **सहकारी** | | | | |
| | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | | |
| | प्रतिफल | गाँउपालिकामा विस्तार भएका वाणिज्य बैङ्कको | संख्या | २ | ३ |
| | प्रतिफल | गाँउपालिकामा विस्तार भएका विकास बैङ्क | संख्या | ० | १ |
| | प्रतिफल | गाँउपालिकामा विस्तार भएका लघुवित्त | संख्या | ५ | ७ |
| | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा (८.१०.१ क) | संख्या | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा ए.टि.एम (८.१०.१ ख) प.दि.बि.ल) | संख्या | | |
| | प्रतिफल | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायीको (९.३.२) प.दि.बि.ल. | संख्या | | |
| | असर | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत ( १०.५.१.१) प.दि.वि.ल. | प्रतिशत | | |
| | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्किङ सेवामा पहुँच भएका परिवार | प्रतिशत | | |
| | **गरीबी निवारण** | | | | |
| | प्रभाव | गरीबीको रेखामुनि रहेको परिवार (प.दि.बि.ल १.२.१) | प्रतिशत | | |
| | प्रभाव | बहुआयामिक गरिबीको दर (प.दि.बि.ल १.२.२) | प्रतिशत | | |
| | प्रभाव | बेरोजगारी दर (प.दि.बि.ल ८.५.२) | प्रतिशत | | |
| | प्रतिफल | गरीब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | | |
| | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभन्वित घरपरिवार | संख्या | | |
| | प्रतिफल | आयमूलक सिप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | | |
| | असर | अशक्त, असहाय, बेसहारा आश्रयस्थलमा समेटिने | संख्या | | |
| | प्रतिफल | स्वास्थ्य बिमाबाट सूरक्षित गरिएका विपन्न परिवार | संख्या | | |

# परिच्छेद - ४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

सभ्य र सु-संस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ। विज्ञान तथा प्रविधिमैत्रि शिक्षा प्रदान गर्न सकेमात्र सक्षम मानव संशाधन तयार हुन्छ। आधुनिक समाज निर्माण गर्न शिक्षामा बृहतर लगानी गर्नुपर्ने हुन्छ। विश्वभर विकसित मुलुकहरूको समग्र विकासको कारण भनेकै ती मुलुकहरूको शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो। नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। विशेषगरी आधारभूत तह सम्मको शिक्षा नि:शुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क गरेको छ। उक्त परिप्रेक्ष्यमा राज्य: विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन गएको छ। ग्रामीण परिवेश रहेको यस गाउँपालिकाको शैक्षिक अवस्थाका बारेमा अध्ययन गर्दा देशका अन्य स्थानीय तहको तुलनामा साक्षरता दर मध्यम रहेको पाइन्छ। हाल यस गाउँपालिकामा बालविकास, आधारभूत विद्यालय, माध्यमिक विद्यालय गरी ३३ वटा सामुदायिक विद्यालयहरु संचालनमा रहेका छन भने यहाँ उच्च शिक्षाको लागि कृष्ण वर्णेश्वर क्याम्पस र सुनापति शहिद बहुमुखी क्याम्पस संचालनमा रहेका छन्। यहाँ प्राविधिक धार तर्फ बाली विज्ञान र कम्प्युटर साइन्स पठनपाठन हुने गर्दछ। आवधिक योजनाको तथ्याङ्क अनुसार हाल गाउँपालिकाको साक्षरता दर ७३.५९ रहेको मा महिला साक्षरता दर ५१.५९ र पुरुष साक्षरता दर ७६.२६ रहेको छ।

### ४.१.२ समस्या तथा चुनौती

शैक्षिक पूर्वाधारको कमजोर अवस्था, पर्याप्त विषयगत शिक्षक र शैक्षिक सामाग्रीको अभाव, शैक्षिक गुणस्तर प्रति अभिभावकको न्युन चासो, सीप र स्वरोजगारमुलक शिक्षाको कमी, विपन्न समुदायका बालबालिकाको शिक्षा, विज्ञान तथा प्रविधिको पहुँचमा कमी, शिक्षक शिक्षिकाहरूलाई नियमित तालिमको अभाव, शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था, नवीनतम शिक्षण प्रणाली र सूचना सञ्चार प्रणालीको न्युन प्रयोग लगायतका समस्या र चुनौती अन्य स्थानका अतिरिक्त यस गाउँपालिकामा समेत रहेका छन्।

### ४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण |
| **लक्ष्य** |
| गुणस्तरीय शिक्षा मार्फत समृद्धिको आधार तयार गर्ने।<br>विज्ञान प्रविधिको विकास, नवप्रर्वद्धनको उपयोगबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने |
| **उद्देश्यहरू** |
| ✓ गुणस्तरीय शिक्षामा समतामुलक पहुँच पुऱ्याउनु।<br>✓ व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु<br>✓ विज्ञान तथा प्रविधि र नवप्रवर्तनको विकास एवं उपयोगबाट स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गर्नु। |

### ४.१.४ रणनीति

१. आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने ।
२. अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने ।
३. सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने ।
४. शिक्षामा समतामुलक पहुँच स्थापित गर्ने ।
५. शिक्षण सिकाइ दर बढाउने ।
६. प्राविधिक र व्यवहारिक शिक्षा विकास र विस्तार गर्ने ।
७. विज्ञान र प्रविधि तथा नवप्रर्वतन र उद्यमशिलता बीच सकारात्मक सम्बन्ध कायम गर्ने ।

### ४.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | शिक्षा नीति, मापदण्ड तथा कानून तथा गुरुयोजना निर्माण | आवश्यक शैक्षिक दस्तावेजहरुको निर्माण | ०८२/८३ ०८२/८३ | १५०० | शिक्षा नीति, मापदण्ड तयार भएको हुने |
| २ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी | सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयार | ०८३/८४-०८३/८४ | १५०० | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी भएको हुने |
| ३ | अपाङ्गमैत्री तथा छात्रामैत्री सुविधा सम्पन्न विद्यालय पूर्वाधार निर्माण | सबै प्रकारका विद्यार्थीमैत्री विद्यालय | ०८२/८३-०८३/८४ | १०००० | अपाङ्गमैत्री तथा छात्रामैत्री सुविधा सम्पन्न विद्यालय पूर्वाधार निर्माण भएको हुने |
| ४ | सूचना प्रविधि तथा कम्प्युटर ल्याब स्थापना | प्रयोगशाला स्थापना | ०८२/८३-०८३/८४ | १००० | सूचना प्रविधि तथा कम्प्युटर ल्याब स्थापना भएको हुने |
| ५ | हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रवन्ध | विद्यालयमा इन्टरनेट सेवाको उपलब्धता | ०८२/८३-०८३/८४ | ५०० | कम्ती मा २० वटा विद्यालयमा इन्टरनेट सेवाको प्रवन्ध भएको हुने |
| ६ | शिक्षक विद्यार्थी अनुपात अध्ययन, दरबन्दी अनुसार शिक्षकको व्यवस्था | शैक्षिक गुणस्तरमा सुधार | ०८२/८३ ०८३/८४ | १००० | शिक्षक विद्यार्थी अनुपात अध्ययन, दरबन्दी अनुसार शिक्षकको व्यवस्था भएको हुने |
| ७ | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम | सरसफाइ र स्वास्थ्य प्रति सचेतना | ०८२/८३-०८४/८४ | ४५०० | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ८ | घुम्ती भर्ना अभियान सञ्चालन | भर्ना वृद्धि | साल बसाली | २५०० | घुम्ती भर्ना अभियान सञ्चालन भएको हुने |
| ९ | प्राविधिक विषय अध्ययन गर्न चाहने विद्यार्थीलाई मापदण्डका आधारमा छात्रवृति | प्राविधिक शिक्षालाई महत्व | साल बसाली | २५०० | प्राविधिक विषय अध्ययन गर्न चाहने विद्यार्थीलाई मापदण्डका आधारमा छात्रवृति उपलब्ध भएको हुने |
| १० | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन | नविनतम शिक्षण | ०८२/८३ ०८२/८३ | १२०० | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन भएको हुने |
| ११ | विद्यालयस्तरिय विद्युतीय सिकाई पूर्वाधार निर्माण | विद्युतीय सिकाइ | ०८३/८४- ०८३/८४ | १००० | विद्यालयस्तरिय विद्युतीय सिकाई पूर्वाधार निर्माण भएको हुने |
| १२ | एक विद्यालय एक सुविधासम्पन्न होस्टलको स्थापना | सिकाइलाई प्रोत्साहन | ०८२/८३- ०८४/८५ | १३००० | एक विद्यालय एक सुविधासम्पन्न होस्टलको स्थापना भएको हुने |
| १३ | हरेक कक्षामा सूचना प्रविधिमैत्री स्मार्ट बोर्ड खरिद | सूचना प्रविधिमैत्री स्मार्ट बोर्डको प्रयोग | ०८२/८३- ०८३/८४ | १००० | हरेक कक्षामा सूचना प्रविधिमैत्री स्मार्ट बोर्ड संचालनमा आएको हुने |
| १४ | ECD विशेष शिक्षक शिक्षिका तालिम | तालिम प्राप्त जनशक्तिको व्यवस्था | ०८२/८३- ०८३/८४ | १५०० | ECD विशेष शिक्षक शिक्षिका तालिम संचालन भएको हुने |
| १५ | गाउँपालिकास्तरीय शैक्षिक प्रर्दशनी आयोजना | शैक्षिक विस्तार | ०८३/८४- ०८३/८४ | ८०० | गाउँपालिकास्तरीय शैक्षिक प्रर्दशनी आयोजना भएको हुने |

### ४.१.६ जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक-शिक्षिकामा परिवर्तित ज्ञान तथा सीप अद्यावधिक गर्ने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने चेतनामुलक कार्यक्रम सञ्चालन, समय समयमा शिक्षक-विद्यार्थी-अभिभवाक अन्तरक्रियाबाट सबै पक्षले रचानात्मक सुधार गर्ने, अध्ययनमा अभिरुची जगाउन स्थापित व्यक्तित्वसँग साक्षात्कार कार्यक्रम गर्ने, स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा पाठ्यक्रम निर्माण गर्ने, नवीनतम सूचना प्रविधिको प्रयोग बढाउने, पाठ्य सामाग्री समयमै उपलब्ध गराउने जस्ता कार्य गराइएमा गाउँपालिकाको शैक्षिकस्तरमा सुधार हुन्छ । उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.२ स्वास्थ्य

### ४.२.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । स्वास्थ्य सम्बन्धी आधारभूत सुविधा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरुको प्रबन्ध हुन अपरिहार्य छ ।

यस गाउँपालिकामा हाल सामान्यस्तरको स्वास्थ्य सेवाहरू यहाँ रहेका विभिन्न स्वास्थ्य संस्थाहरू मार्फत प्रदान भइरहेको छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ । हाल हिलेदेवीमा १० शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ भने ५ वटा स्वास्थ्य चौकी, ५ वटा सामुदायिक स्वास्थ्य सेवा इकाई संचालनमा रहेका छन् । यसका साथै गाउँपालिकामा ७५ जना महिला स्वास्थ्य स्वयम्सेविकाहरुले नियमित रुपमा स्वास्थ्य सेवा प्रवाहमा सहयोग पुऱ्याइरहेका छन् ।

### ४.२.२ समस्या तथा चुनौती

सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा सबै वर्ग र समुहको पहुँच र उपलब्धताको कमी, सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव, आकस्मिक र विशिष्टिकृत स्वास्थ्य सेवाका लागि सदरमुकाम लगायतका ठूला शहरमा जानु पर्ने अवस्थाको विद्यमानता, २४ सै घण्टा आकस्मिक सेवाको अभाव, स्वास्थ्य सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा बिरामीको अकालमै मृत्यु हुनु, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु, चेतनाको स्तरको न्युनता लगायतका समस्या र चुनौती यो गाउँपालिकामा समेत रहेका छन् ।

### ४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता |
| **लक्ष्य** |
| स्वास्थ्य सेवामा पहुँच स्थापित गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।<br>पोषणमा सुधार तथा खाद्य सुरक्षा प्रदान गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुऱ्याउनु । |

### ४.२.४ रणनीति

१. आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने ।
२. आधारभूत स्वास्थ्यमा समतामुलक पहुँच शुनिश्चित गर्ने ।
३. रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने ।
४. बैकल्पिक स्वास्थ्य सेवाको प्रर्वद्धन गर्ने ।
५. स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्ने ।

## ४.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य गुरुयोजना तयार | स्वास्थ्य संस्थाहरूको स्तरोन्नती | ०८३/८३-०८३/८४ | १००० | स्वास्थ्य गुरुयोजना तयार भएको हुने |
| २ | आधारभूत औषधीहरु पलिकामा नै उपलब्ध गराउने व्यवस्था | औषधीको सहज उपलब्धता | ०८२/८३-०८३/८४ | ५०० | आधारभूत औषधीहरु पलिकामा नै उपलब्ध गराउने व्यवस्था भएको हुने |
| ३ | हिलदेवी आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन | सहज उपचार कक्ष निर्माण | ०८२/८३ ०८२/८३ | २५०० | हिलदेवी आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन भएको हुने |
| ४ | डिजिटल हेल्थ तथा टेलिमेडिसिन सेवा संचालन | स्वास्थ्य सेवाको सहज उपलब्धता | ०८२/८३ ०८२/८३ | ५००० | डिजिटल हेल्थ तथा टेलिमेडिसिन सेवा संचालन भएको हुने |
| ५ | बाल उपचार इकाई निर्माण | बाल उपचारमा सहज पहुँच | ०८३/८४-०८३/८४ | १००० | बाल उपचार इकाई निर्माण भएको हुने |
| ६ | प्रत्येक स्वास्थ्य चौकीमा एक एम्बुलेन्स खरिद | एम्बुलेन्स सेवाको उपलब्धता | ०८२/८३-०८४/८५ | ७००० | प्रत्येक स्वास्थ्य चौकीमा एक एम्बुलेन्स संचालन भएको हुने |
| ७ | महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा प्रोत्साहन भत्ता | प्रोत्साहन मातृ स्वास्थ्यमा सुधार | साल बसाली | १५०० | महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा प्रोत्साहन भत्ता वितरण भएको हुने |
| ८ | विद्यमान स्वास्थ्य संस्थामा चिस्यान भण्डारको सुविधा विस्तार | स्वास्थ्यमा सुधार | ०८२/८३-०८४/८५ | ४००० | विद्यमान स्वास्थ्य संस्थामा चिस्यान भण्डारको सुविधा विस्तार भएको हुने |
| ९ | वडास्तरीय निशुल्क घुम्ती स्वास्थ्य परिक्षण शिविर सञ्चालन | सर्वसुलभ स्वास्थ्य सेवा | साल बसाली | ३००० | वडास्तरीय निशुल्क घुम्ती स्वास्थ्य परिक्षण शिविर सञ्चालन भएको हुने |
| १० | नियमित स्वास्थ्य जाँचको महत्वबारे विशेष जनचेतनामूलक कार्यक्रम | स्वास्थ्य सचेतनामा वृद्धि | साल बसाली | १००० | नियमित स्वास्थ्य जाँचको महत्वबारे विशेष जनचेतनामूलक कार्यक्रम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ११ | स्वास्थ्य सेवामा सम्लग्न जनशक्तिको क्षमता विकास कार्यक्रम | सेवा प्रवाह प्रभावकारिता | साल बसाली | १००० | स्वास्थ्य सेवामा सम्लग्न जनशक्तिको क्षमता विकास कार्यक्रम संचालन भएको हुने |
| १२ | दुध, माछा, मासु, तरकारी तथा अन्य खाद्य पदार्थको गुणस्तर मापनको लागि नीतिगत दस्तावेज तय | कानूनी दस्तावेज तयार | ०८२/८३ ०८२/८३ | ३०० | दुध, माछा, मासु, तरकारी तथा अन्य खाद्य पदार्थको गुणस्तर मापनको लागि नीतिगत दस्तावेज तय भएको हुने |
| १३ | महिला स्वयं सेविकाहरुलाई तालिम तथा प्रोत्साहन | महिला स्वास्थ्य सेवामा सहजता | सालबसाली | १४०० | महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई तालिम तथा प्रोत्साहन कार्यक्रम संचालन भएको हुने |
| १४ | पोषण कार्यक्रम | कुपोषण न्युनिकरण | सालबसाली | १००० | पोषण कार्यक्रम संचालन भएको हुने |
| १५ | सुत्केरी आमा तथा शिशुको लागि न्यानो कपडा वितरण कार्यक्रम | मातृत्व स्वास्थ्य सुरक्षा | ०८२/८३ ०८४/८५ | १५०० | सुत्केरी आमा तथा शिशुको लागि न्यानो कपडा वितरण कार्यक्रम संचालन भएको हुने |

### ४.२.६ जोखिम पक्ष तथा अनुमान

आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचिन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, सरकारका नीति र नागरिकको सचेतना विस्तार, प्रजनन स्वास्थ-सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु मृगौला लगायतका संवेदनशील अंगको सहज उपलब्धता, महिला तथा किशोरी शिक्षाको प्रचार-प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुऱ्याउन सकिएमा गुणस्तरीय स्वास्थ सेवा सुनिश्चित गर्न सकिन्छ । अपर्याप्त साधन श्रोत र जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.३ संस्कृति, भाषा, कला तथा साहित्य

### ४.३.१ पृष्ठभूमि

यो गाउँपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक तथा सांस्कृतिक विविधता एवं ऐतिहासिक महत्वका विभिन्न स्थानहरुले भरिपूर्ण रहेको छ । कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ। सदियौं देखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदायपिच्छे आ-आफ्ना धर्म, सँस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन् । ती फरक रीतिरिवाज,

रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा भएकाले तिनीहरूको संरक्षण गर्नु जरुरी छ । सुनापति गाउँपालिका यस्ता मौलिक तथा साँस्कृतिक विविधतामा धनी गाउँपालिका हो । राष्ट्रिय जनगणना, २०७८, को तथ्याङ्क अनुसार गाउँपालिकाको कुल जनसंख्यामध्ये ३७.३१ प्रतिशत रही यहाँ तामाङ जातीहरुको बाहुल्यता रहेको छ । यसै गरी यहाँ १८.१७ प्रतिशत क्षेत्री, १६.६४ प्रतिशत नेवार ८.३७ प्रतिशत ब्राम्हण र २.६३ प्रतिशत माझी समुदायको वसोवास रहेको छ । यसका साथै यहाँ मिजार, विश्वकर्मा, परियार लगायतका समुदायका व्यक्तीहरु वसोवास गर्दछन् । यहाँ बसोवास गर्ने विभिन्न जातजाति र सम्प्रदायका आ-आफ्नै किसिमको धर्म, सँस्कृति र चालचलनहरु छन् । यहाँ दशैं, तिहार, उधौली पर्व, उभौली पर्व, माघेसक्रान्ती, होली, छठ, शिवरात्री, कृष्णजन्माष्टमी, तिज जस्ता विभिन्न चाडपर्व एवं साँस्कृतिक उत्सवहरु मनाउने गरिन्छ । परम्परागत संस्कृतिमा आधारित काठे भाका र दोहोरी गीतका साथै लाखेनाच, झ्याउरे नाच यस गाउँपालिकाका प्रसिद्ध नाचहरु हुन् ।

## ४.३.२ समस्या तथा चुनौती

स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा ठोस योजनाको कमी, युवा पुस्ताको उदासिनता, प्राचिनता र मौलिकता संरक्षण गर्ने तर्फ पर्याप्त अध्ययन अनुसन्धान, विभिन्न धार्मिक स्थलहरू मर्मत सम्भार नहुँदा जीर्ण अवस्थामा पुग्नु, विभिन्न जातिको भेषभुषा तथा भाषाको संरक्षण गर्नु, आर्थिक प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्नु, लगानी तथा अग्रसरताको कमी, स्थानीय पाठ्यक्रममा स्थानीय कला साहित्य संरक्षण सम्बन्धी विषयवस्तुको विकास र समावेश लगायतका विविध समस्या र चुनौती रहेका छन् ।

## ४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सभ्य र सुसँस्कृत समाजको निर्माण |
| **लक्ष्य** |
| सँस्कृति, भाषा, कला र साहित्यको जर्गेना र विकास मार्फत सभ्य र सौहार्दपुर्ण समाजको स्थापना गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय पहिचान कायम हुने भाषा, कला, सँस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु ।<br>✓ सँस्कृति, भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु । |

## ४.३.४ रणनीति

१. भाषा, सँस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने ।
२. कला, साहित्य, भाषा, सँस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने ।
३. साँस्कृतिक, साहित्यिक, भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।

## ४.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | साँस्कृतिक पार्श्वचित्र निर्माण | सूचनाको सम्प्रेषण | ०८२/८३ ०८२/८३ | ४०० | साँस्कृतिक पार्श्वचित्र निर्माण भएको हुने |
| २ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन | सर्जकको अभिलेखाङ्कन र सम्मान | ०८२/८३ ०८२/८३ | ३०० | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन भएको हुने |
| ३ | विद्यालय तथा अन्तर विद्यालय साँस्कृतिक प्रतियोगिता | स्वस्थ प्रतिस्पर्धा मार्फत सँस्कृतिको प्रवर्द्धन | ०८२/८३-०८३/८४ | ५०० | विद्यालय तथा अन्तर विद्यालय साँस्कृतिक प्रतियोगिता संचालन भएको हुने |
| ४ | साँस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | पर्यटन प्रवर्द्धन | ०८२/८३ ०८४/८५ | ८०० | पालिकाका साँस्कृतिक गतिविधि बारे प्रचार प्रसार भएको हुने |
| ५ | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम | परम्परा, मौलिकता र साँस्कृतिको संरक्षण | ०८२/८३ ०८३/८४ | ३०० | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम संचालन भएको हुने |
| ६ | कला, साहित्य र सँस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया | सर्जकको राय परामर्शको सम्मान | ०८३/८४ ०८३/८४ | २०० | कला, साहित्य र सँस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया भएको हुने |
| ७ | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | सर्जकको सम्मान | साल बसाली | १०० | कम्तीमा २० जना कलाकार, सर्जक तथा कला-पत्रकार सम्मानित भएको हुने |
| ८ | नियमित सांस्कृतिक गतिविधि, उत्सव आयोजना | मनोरञ्जन र सँस्कृतिको संरक्षण | ०८२/८३-०८४/८५ | १५०० | नियमित सांस्कृतिक गतिविधि, उत्सव आयोजना भएको हुने |

## ४.३.६ जोखिम पक्ष तथा अनुमान

योजनाबद्ध साँस्कृतिक प्रदर्शनी, महोत्सव, मेलाको आयोजना, सर्जकलाई प्रोत्साहन, साँस्कृतिक समुहलाई प्रतिस्पर्धा, प्रदर्शनीमा भाग लिन प्रोत्साहन, कला संग्रहालयको निर्माण तथा स्थानीयबासीलाई मौलिकताको संरक्षणमा प्रोत्साहित गर्न सकिएमा कला सँस्कृतिको संरक्षणमा अपेक्षाकृति नतिजा हासिल गर्न सकिन्छ। बहुसरोकारवाला निकायको सहभागिता नभएमा क्षयिकरण हुँदै जाने जोखिम रहन्छ।

## ४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

सामाजिक जागरणको पर्याप्तता नभएको, राजनीतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भैनसकेकाले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन् । यसर्थ यस गाउँपालिकामा समेत यी सवालहरूको व्यापक सान्दर्भिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ । नेपालको संविधानमा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ ।

गाउँपालिकाको आवधिक योजना २०८१ को तथ्यांक अनुसार कुल जनसंख्याको आधाभन्दा बढी अर्थात ५२.६१ प्रतिशत महिलाको जनसंख्या रहेको छ भने ४७.३९ प्रतिशत पुरुषको संख्या रहेको छ । जस अनुसार लैङ्गिक अनुपात ९०.०७ रहेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

जातिय तथा लैङ्गिक विभेदको अन्त्य नहुनु, लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणमा गरिएको लगानी, कार्यक्रम र प्रयासले प्रभावकारी नतिजा ल्याउन नसक्नु, बालमैत्री गाउँपालिका घोषणा नहुनु, सामाजिक सुरक्षा र संरक्षणका दिगो र स्थायी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने तथा समता र समानतामा आधारित समाजको निमार्ण गर्नुपर्ने चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता |
| **लक्ष्य** |
| सुनापति गाउँपालिकामा समावेशी र समानतामुलक समाज निर्माण गर्ने । |
| **उद्देश्यहरू** |
| विकासमा महिला, बालबालिका तथा लक्षित बर्गको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु<br>बञ्चित तथा सामाजिक सुरक्षा नपाएका समुदायहरुलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।<br>विभेद र भेदभावमा परेका समुहहरुको राजनितिक, आर्थिक र सामाजिक पहुँच शुनिश्चित गर्नु । |

### ४.४.४ रणनीति

१. समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने ।
२. महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला सशक्तिकरणका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गर्ने ।
३. लक्षित बर्ग र सिमान्तकृत समुदायको सशक्तिकरण र विकास गर्ने ।

४. अपाङ्गता भएका नागरिकहरुको कठिनाई न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गरी उनीहरुको आत्मबल बढाउने र आत्मसम्मान जगाउने ।
५. ज्येष्ठ नागरिकको संरक्षण गर्दै सम्मान पूर्ण जिवनको अनुभूती दिलाउने ।

## ४.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | हिंसा पिडितको लागि सेफ हाउस निर्माण | हिसां पिडितलाइ सुरक्षित अनुभूती | ०८२/८३ ०८२/८३ | १२०० | हिंसा पिडितको लागि सेफ हाउस निर्माण निर्माण भएको हुने |
| २ | ज्येष्ठ नागरिक, अपाङ्गता, तथा महिला संजाल गठन तथा परिचालन | हिंसा तथा भेदभावमा न्युनीकरण | ०८२/८३ ०८४/८५ | ६०० | ज्येष्ठ नागरिक, अपाङ्गता, तथा महिला संजाल गठन तथा परिचालन भएको हुने |
| ३ | अनिवार्य लै स सा स परिक्षण | सामाजिक जवाफदेहिता कायम | सालबसाली | ३०० | अनिवार्य लै स सा स परिक्षण भएको हुने |
| ४ | महिला हिंसा, चेलिबेटी बेचविखन, दाइजो प्रथा विरुद्ध वर्षभरी सप्ताहव्यापी कार्यक्रम | महिला हिंसा र दाइजो विरुद्ध अभियान सञ्चालन | ०८२/८३-०८३/८४ | १५०० | महिला हिंसा , चेलिबेटी बेचविखन, दाइजो प्रथा विरुद्ध वर्षभरी सप्ताहव्यापी कार्यक्रम संचालन भएको हुने |
| ५ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम | यौनजन्य हिंसा सम्बन्धी जनचेतना | साल बसाली | २०० | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम संचालन भएको हुने |
| ६ | महिला सीप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | नेतृत्व र आर्थिक सबलीकरणमा जोड | साल बसाली | १५०० | महिला सीप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चाल नभएको हुने |
| ७ | सफल महिला उद्यमी साक्षात्कार कार्यक्रम | महिला उद्यमिको पहिचान र प्रोत्साहन | ०८२/८३ ०८२/८३ | १०० | महिला उद्यमिको पहिचान र प्रोत्साहन गरिएको हुने |
| ८ | न्यायिक समितिमा लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम | न्यायिक समितिको सशक्त भुमिका | ०८२/८३ ०८२/८३ | २०० | न्यायिक समितिमा लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | तालिम संचालन भएको हुने |
| ९ | अपाङ्गता भएका व्यक्तीहरुलाई कृतिम अङ्ग तथा सहायक सामाग्री वितरण | सामाजिक सम्मान तथा सत्भावमा वृद्धि | ०८२/८३-०८४/८५ | १३०० | अपाङ्गता भएका व्यक्तीहरुलाई कृतिम अङ्ग तथा सहायक सामाग्री वितरण भएको हुने |
| १० | ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण | ज्येष्ठ नागरिकलाई आश्रय र सुरक्षा | ०८२/८३ ०८२/८३ | १५०० | ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण भएको हुने |
| ११ | जेष्ठ नागरिक वडास्तरिय नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन | जेष्ठ नागरिक केन्द्रित स्वास्थ्य सुविधा | साल बसाली | ६०० | जेष्ठ नागरिक वडास्तरिय नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन भएको हुने |
| १२ | महिलाका चुनौति र समस्याहरु सम्बन्धि अध्ययन अनुसन्धान कार्यक्रम | महिला सशक्तिकरण | ०८२/८३-०८३/८४ | ५०० | महिलाका चुनौति र समस्याहरु सम्बन्धि अध्ययन अनुसन्धान कार्यक्रम भएको हुने |

### ४.४.६ जोखिम पक्ष तथा अनुमान

महिला, जेष्ठ नागरिक, दलित, लैङ्गिक रुपमा अल्पसंख्यक आदिको आवश्यकताको सहि पहिचान गरी सम्बोधनका कार्यक्रम प्रभावकारी रुपमा तयार भएमा मात्र मनो(सामाजिक सोच र व्यवहारमा परिवर्तन हुन्छ । घरेलु तथा यौनजन्य हिंसा विरुद्ध शुन्य सहशीलता, बालिका शिक्षामा लगानी, विकासका आयोजना/कार्यक्रम छनौट, निर्णय निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिएमा महिला सशक्तिकरण, सामाजिक(आर्थिक नेतृत्व विकास हुने सम्भावना रहन्छ । प्राथमिकता र आवश्यकता अनुसारको स्रोत विनियोजन, बहु सरोकारवाला पक्षको समन्वय हुन नसकेमा अपेक्षित उपलब्धि हुन नसक्ने जोखिम रहन्छ ।

## ४.५ बालबालिका

### ४.५.१ पृष्ठभूमि

बालबालिकाको समग्र वर्तमान अवस्थाले भोलीको राष्ट्र तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुनेछ भन्ने निर्धारण गर्दछ । तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरु नागरिकको दायित्व र जिम्मेवारीका मात्र विषय होइनन् । त्यसकारण नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी बालअधिकार संरक्षणलाई राज्यको अनिवार्य दायित्व भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा दिगो विकास लक्ष्य समेत बालबालिका तथा किशोरकिशोरीमाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्नेतर्फ लक्षित रहेको छ । तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरू बाल अधिकारका अर्थात् नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय आज हामीले भोलिको समाज र राष्ट्र निर्माणमा गरिने बृहत लगानीसँग गाँसिएका विषयहरू हुन् ।

### ४.५.२ समस्या तथा चुनौती

सबै प्रकारका बालश्रम, बाल यौन शोषण, बालविवाह तथा बालहिंसाको अन्त्य गरी बालमैत्री शासनको स्थापना, बालमैत्री गाउँपालिका घोषणा नहुनु, बालबालिकाको शिक्षा, दिक्षा, पोषण र स्याहार सुसार सम्बन्धी चेतनाको विस्तार तथा उचित विकास र संरक्षणको लागि गाउँपालिकाले उचित नीति, बजेट र कार्यक्रम तर्जुमा गर्नुपर्ने दीर्घकालीन समस्या र चुनौती रहेका छन् ।

### ४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नैसर्गिक अधिकार पूर्ण बालमैत्री समाज |
| **लक्ष्य** |
| विकासमा महिला, बालबालिका तथा लक्षित बर्गको प्रत्यक्ष सहभागिता शुनिश्चित गर्नु |
| **उद्देश्यहरू** |
| बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु । |

### ४.५.४ रणनीति

१. बालअधिकार सम्बन्धी जनचेतना जागरण गर्ने ।
२. बालबालिका, किशोर किशोरीको श्रृजनशिलताको विकास गर्ने ।

### ४.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | बालबालिकाको स्थिति अवगत | ०८२/८३ ०८२/८३ | ५०० | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी भएको हुने |
| २ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | बाल अधिकार सम्बन्धी सचेतना अभिवृद्धि | साल बसाली | ५०० | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम संचालन भएको हुने |
| ३ | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | शिक्षा स्वास्थ्य र पोषणमा सबै बालबालिकाको पहुँच सुनिश्चित | ०८३/८४ ०८४/८५ | १२०० | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | बाल संरक्षण समिति स्थापना | बाल संरक्षण | ०८३/८४ ०८३/८४ | | बाल संरक्षण समिति स्थापना भएको हुने |
| ५ | बालमैत्री गाउँपालिका घोषणा | बालमैत्री गाउँपालिका | ०८२/८३ ०८२/८३ | ५०० | बालमैत्री गाउँपालिका घोषणा भएको हुने |
| ६ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभिवृद्धि | सालबसाली | ७०० | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान गरिएको हुने |

### ४.५.६ जोखिम पक्ष तथा अनुमान

बालमनोविज्ञान, बाल आवश्यकता, रुची र चाहना तथा समयको माग अनुकुलका तहगत सरकारका नीति, विधी र कार्यक्रम तथा शिक्षा प्रणालीको विकास गरिएमा भविष्यको लागि आवश्यक जनशक्ति र प्रतिस्पर्धी कर्णधारको विकास गर्न सम्भव हुन्छ। नैतिकता, सामाजिक मुल्य, मान्यता, अनुशासन जस्ता विषयमा बालबालिकालाई मूलप्रवाहिकरण गर्न नसकिएमा समग्र देशको भविष्य नै अन्यौलग्रस्त हुनसक्छ।

## ४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार

### ४.६.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन्। युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन्। राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार गाउँपालिकाभित्र १५ देखि ३० बर्ष उमेर समुहका युवाहरु २२.६४ प्रतिशत रहेका छन भने ३० देखि ४५ बर्ष उमेर समुहका युवाहरुको संख्या १८.२२ प्रतिशत रहेको छ। यसै गरी १५ देखि ४५ बर्ष उमेर समुहका सक्रिय युवाको संख्या ४०.८६ प्रतिशत रहेको छ। काम गर्न सक्ने उच्च उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांश हो। यो सक्रिय जनसंख्याको उपस्थिति मानव संशाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ हो।

### ४.६.२ समस्या तथा चुनौती

श्रमको सम्मान गर्ने भावना, सीप, स्वरोजगार र उद्यमशिलता विकास गर्ने शिक्षा प्रणालीको विकास, सकारात्मकता, सामाजिक सद्भाव र सामुदायिक विकासमा योगदान सम्बन्धी चेतनाको विस्तार, विदेश गएकाहरूलाई स्वदेशमै रोजगार सिर्जना, युवा जनशक्तिलाई यथोचित अभिमुखीकरण तथा तालिमको व्यवस्था हुन नसक्नु, अनुशासन र सामाजिक कु-संस्कार उन्मुलन योगदानमा युवाको संलग्नता वृद्धि कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्ने चुनौती रहेका छन्। युवा पलायनलाई रोक्न ठोस योजनाको कमी जस्ता समस्या समेत विद्यमान रहेका छन्।

### ४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| **लक्ष्य** |
| युवा लक्षित कार्यक्रमबाट युवाशक्तिको विकास गरी गाउँपालिकाको समृद्धिमा योगदान पुऱ्याउने । |
| **उद्देश्यहरू** |

- ✓ श्रम बजारको बेरोजगारी न्युनीकरण गर्न स्थानीइ स्तरमा नै रोजगारीका अवसरहरु सृजना गर्नु ।
- ✓ व्यावसायिक सीपमुलक तालिमका आवसरहरु वृद्धि गरी प्रतिश्पर्धी जनशक्तीको विकास गर्नु ।
- ✓ वैदेशिक रोजगारमा सम्लग्न कामदार तथा तिनका परिवारको वैदेशिक रोजगारबाट हुन सक्ने नकारात्मक प्रभावहरु न्युनीकरण गर्ने
- ✓ सामाजिक सुरक्षा संरक्षण मार्फत नागरिकको आर्थिक, सामाजिक, पर्यावरणीय जोखिम कम गर्नु ।

### ४.६.४ रणनीति

१. श्रमिकको हक र अधिकारको कानूनी तथा आर्थिक आधार तयार गर्ने ।
२. लगानीमैत्री वातावरण तय गरी निजी तथा सामुदायिक/सहकारीको माध्यमबाट रोजगारीको अवसर श्रृजना गर्ने ।
३. वैदेशिक रोजगारीलाई कम खर्चिलो सुरक्षित र लाभप्रद बनाउने र विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्ने ।
४. योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथसाथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने ।
५. मनोसामाजिक परामर्श प्रदान गर्ने ।

### ४.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | रोजगारीका अवसर श्रृजना हुने कार्यक्रम संचालन | रोजगारी विस्तार | ०८२/८३<br>०८३/८४ | १२०० | रोजगारीका अवसर श्रृजना हुने कार्यक्रम संचालन भएको हुने |
| २ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार | रोजगारीका लागि बाहिरिने युवाहरूको बारेमा जानकारी | ०८२/८३<br>०८२/८३ | ५०० | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | युवालाई तालिमको व्यवस्था | साल बसाली | १००० | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम संचालन भएको हुने |
| ४ | न्युनतम पारिश्रमिक मापदण्ड पालनाको निरिक्षण | युवालाइ प्रोत्साहन | ०८३/८४- ०८३/८४ | २०० | न्युनतम पारिश्रमिक मापदण्ड पालनाको निरिक्षण भएको हुने |
| ५ | प्राविधिक सिप विकास केन्द्र संचालन | युवाको क्षमता विकास | ०८२/८३ ०८४/८५ | १३०० | सिप विकास केन्द्र स्थापना भइ संचालन भएको हुने |
| ६ | प्रधानमन्त्री रोजगार विशेष तालिम | | ०८२/८३- ०८४/८५ | ८०० | प्रधानमन्त्री रोजगार विशेष तालिम संचालन भएको हुने |
| ७ | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशिलता विकास तालिम | युवामा नेतृत्व क्षमताको अभिवृद्धि | ०८२/८३ ०८२/८३ | १००० | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशिलता विकास तालिम संचालन भएको हुने |
| ८ | बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई माथी उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन | युवा लक्षित कार्यक्रम | ०८२/८३ ०८२/८३ | १५०० | बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई माथी उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन भएको हुने |

### ४.६.६ जोखिम पक्ष तथा अनुमान

पालिका क्षेत्रमा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायीक खोजकर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक-प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् । युवा लक्षित नीति/कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भावमा खलल, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगी समाज अवन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.७ खेलकुद तथा मनोरञ्जन

### ४.७.१ पृष्ठभूमि

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धन मार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आबद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ । यस गाउँपालिकाले पनि आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ ।

व्यक्तिको सर्वाङ्गिण विकासमा खेलकुदको महत्वपूर्ण भूमिका हुन्छ । अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शन गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ ।

### ४.७.२ समस्या तथा चुनौती

खेलकुद क्षेत्रको विकासका लागि दीर्घकालिन सोचको अभाव, खेलाडीमा व्यवसायिकताको कमी, आधुनिक र सुविधा सम्पन्न खेल र मनोरञ्जनात्मक पूर्वाधारको अभाव, स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव, खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु, समयसापेक्ष क्षेत्रीय र राष्ट्रियस्तरका प्रतिस्पर्धाको आयोजना नहुनु लगायतका समस्या र चुनौती यस गाउँपालिकामा विद्यमान रहेका छन् ।

### ४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शारीरिक र मानसिक रुपमा स्वस्थ नागरिक निर्माण |
| **लक्ष्य** |
| शारीरिक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु । |

### ४.७.४ रणनीति

१. खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने ।
२. खेलाडी पहिचान तथा प्रशिक्षण गर्ने ।
३. खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।
४. स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक कृयाकलापको अध्ययन गरी व्यवस्थित गर्ने ।

## ४.७.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडास्तरीय खेलकुद समितिको स्थापना, खेल मैदान निर्माण र मर्मत सम्भार तथा खेल सामाग्री खरिद | खेलकुद विकासका लागि संस्थागत, आर्थिक र अन्य व्यवस्थापन | ०८२/८३-०८३/८४ | १५००० | वडास्तरीय खेलकुद समितिको स्थापना भइ खेल मैदान निर्माण र मर्मत सम्भार भएको हुने |
| २ | वडास्तरीय खेलकुद विकास समिति निर्माण | खेलकुद विकास समिति निर्माण | ०८२/८३-०८२/८३ | ७००० | वडास्तरीय खेलकुद विकास समिति निर्माण भएको हुने |
| ३ | खेलाडीको व्यक्तिगत विवरण तयारी | खेलाडीको अद्यावधिक विवरण उपलब्ध | ०८२/८३ ०८२/८३ | २०० | खेलाडीको व्यक्तिगत विवरण तयारी भएको हुने |
| ४ | खेलाडी प्रशिक्षण ( नियमित, स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरको प्रतियोगिता) | नियमित प्रशिक्षण | सालबसाली | २५०० | खेलाडी प्रशिक्षण ( नियमित, स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरको प्रतियोगिता)संचालन भएको हुने |
| ५ | एक सामुदायिक विद्यालय खेलकुदका पूर्वाधार निर्माण योजना तयार | गुरुयोजना निर्माण | ०८३/८४ ०८४/८५ | २००० | एक सामुदायिक विद्यालय खेलकुदका पूर्वाधार निर्माण गुरुयोजना तयार भएको हुने |
| ६ | विद्यालयमा खेल मैत्री वातावरण निर्माण | स्वास्थ्य र मनोरञ्जनमा जोड | ०८३/८४-०८३/८४ | १००० | विद्यालयमा खेल मैत्री वातावरण निर्माण भएको हुने |
| ७ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | स्वस्थ प्रतिस्पर्धा र अनुशासनको विकास | सालबसाली | १५०० | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता संचालन भएको हुने |
| ९ | वनभोजस्थल व्यवस्थापन | मनोरञ्जनात्मक गतिविधिको व्यवस्थापन | ०८२/८३-०८३/८४ | १५०० | वनभोजस्थल व्यवस्थापन भएको हुने |
| १० | वडास्तरीय पार्क सम्भाव्यता अध्ययन | खुल्ला स्थानको व्यवस्थापन | ०८२/८३-०८३/८४ | ५०० | वडास्तरीय पार्क सम्भाव्यता अध्ययन भएको हुने |
| ११ | वडा र पालिका स्तरमा खेल प्रतियोगिता संचालन | युवालाई प्रोत्साहन | सालबसाली | १००० | वडा र पालिका स्तरमा खेल प्रतियोगिता संचालन भएको हुने |
| १२ | राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक जित्ने खेलाडीहरुलाई प्रोत्साहन | खेलाडीलाई प्रोत्साहन | सालबसाली | ६०० | राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक जित्ने खेलाडीहरुलाई प्रोत्साहन भएको हुने |

### ४.७.६ जोखिम पक्ष तथा अनुमान

पर्यावरण र मनोरञ्जनात्मक गतिविधिबीच सन्तुलन कायम, वडा, गाँउ, प्रदेश र राष्ट्रियस्तरका खेलमा गाउँपालिकाबाट प्रतिनिधित्व, परम्परागत मनोरञ्जनका माध्यमको संस्थागत संरक्षण भई स्वस्थ र समुन्नत गाउँको विकास भएको हुनेछ । स्वास्थ्य, अनुशासन, मनोरञ्जनात्मक गतिविधि सञ्चालनमा पर्याप्त स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्न नसकिएमा समाज पहिचानविहिन र यान्त्रिक हुने जोखिम रहन्छ ।

## ४.८ सामाजिक सुरक्षा

### ४.८.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । जस अनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी उल्लेख गरिएको छ । अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकाले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ ।

### ४.८.२ समस्या तथा चुनौती

लक्षित समुहको सहि पहिचान र अभिलेख व्यवस्थापन, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात गर्नु, सामाजिक सुरक्षासम्बन्धी जनचेतनामा वृद्धि गर्नु, दीर्घकालीन र जीवनस्तर सुधार गर्ने सामाजिक सुरक्षाका कार्यक्रम तर्जुमा र तीनै तहका सरकारबाट प्रदान गरिने कार्यक्रमबीच सामञ्जस्यता कायम गर्नुपर्ने जस्ता समस्या र चुनौती विद्यमान रहेका छन् ।

### ४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| असक्त अवस्थामा निश्चिन्तता सामाजिक सुरक्षा |
| **लक्ष्य** |
| असक्षम र असक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाई राज्यद्वारा अभिभाकत्व दिने । |
| **उद्देश्यहरू** |
| ✓ सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु । |

### ४.८.४ रणनीति

१. सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने ।

## ४.८.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | सामाजिक सुरक्षा तथ्याङ्क प्रणाली निर्माण | ०८२/८३ ०८२/८३ | १५०० | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण भएको हुने |
| २ | अनौपचारिक तथा निजी क्षेत्रमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा | योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन | ०८२/८३ ०८३/८४ | १००० | अनौपचारिक तथा निजी क्षेत्रमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था भएको हुने |
| ३ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | जनचेतना अभिवृद्धि | साल बसाली | ५०० | जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

## ४.८.६ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षाका वास्तविक लाभग्राहीको पहिचान, योगदानमा आधारित र दिगो सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, तहगत सरकारको समन्वयात्मक पहल हुन सकेमा सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन्छन् । गाउँपालिकाको आय, वित्तीय हस्तान्तरण लगायतका पक्षलाई ध्यान नदिई वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नसकिएमा सामाजिक सुरक्षाका कार्यक्रमको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

### नतिजा सूचकहरु

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **शिक्षा विज्ञान तथा प्रविधि** | | | | |
| | असर | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | ९६.२ | |
| | असर | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | ९३.७ | |
| | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | | |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | | | |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | | |
| | असर | माध्यमिक शिक्षाको कुल भर्नादर (९ देखि १२) | प्रतिशत | ५१.७ | |
| | प्रतिफल | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | ३८ | |
| | असर | पूर्व वाल्यकाल शिक्षामा उपस्थिति (प्रतिशत) हाजिरी | प्रतिशत | ९४.५ | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | |
| | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | ७० | |
| | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | १०० | |
| | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | १०० | |
| | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | ९५ | |
| | असर | अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | ८० | |
| | असर | समग्र साक्षरता प्रतिशत | संख्या | ७३.५९ | |
| | असर | साक्षरता प्रतिशत (पुरुष) | संख्या | ७६.२६ | |
| | असर | साक्षरता प्रतिशत (महिला) | संख्या | ५१.५९ | |
| | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | २ | |
| | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | ३ | |
| | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | ५१.५३ | |
| | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | ३७.९५ | |
| | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | २.३ | |
| | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | ४० | |
| | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | ४० | |
| | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | १५ | |
| | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | ५० | |
| | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | २५ | |
| | प्रतिफल | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | ४ | |
| | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | १० | |
| २. | **स्वास्थ्य** | | | | |
| | असर | दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | २६ | ३० |
| | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ० | ० |
| | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ० | ० |
| | प्रतिफल | कुष्ठरोगी बिरामी वार्षिक | संख्या | ० | ० |
| | प्रतिफल | कालाजार बिरामी वार्षिक | संख्या | ० | ० |
| | प्रतिफल | हात्तिपाइले बिरामी वार्षिक | संख्या | ० | ० |
| | प्रतिफल | डेङ्गु बिरामी वार्षिक | संख्या | ५ | २ |
| | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | ० | ० |
| | प्रतिफल | मुटुसम्बन्धीबिरामी वार्षिक | संख्या | ८ | ६ |
| | प्रतिफल | क्यान्सर बिरामी वार्षिक | संख्या | २६ | २० |
| | प्रतिफल | मधुमेह बिरामी वार्षिक | संख्या | ५३ | ४५ |
| | प्रतिफल | स्वास प्रणाली सम्बन्धीदीर्घ रोग दम आदिका बिरामी | संख्या | ७० | ६० |
| | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | ३८ | ४० |
| | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | २६ | ३० |
| | ` | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | ७० | ८० |
| | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | ० | ० |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | प्रतिशत | ९५ | ९७ |
| | असर | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | ९० | १०० |
| | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | १०० | १०० |
| | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख जनसंख्यामा) | २३८ | २२० |
| | असर | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | ८ | १० |
| | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | १० | १० |
| | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | ० | ० |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | १ |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | ५ | ५ |
| | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | २ | २ |
| | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | ० | ० |
| | प्रतिफल | योग केन्द्र | संख्या | ० | ० |
| | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९० | ९५ |
| | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | ०० | |
| | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र | संख्या | १० | १० |
| | प्रतिफल | रक्तसंचार सेवा | संख्या | ० | ० |
| | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | | |
| | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रति लाखमा | ० | ० |
| | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | संख्या | १०१२ | |
| | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | १ | १ |
| | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | १ | २ |
| | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | १ | २ |
| ३. | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | | |
| | प्रतिफल | अमूर्त साँस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रमका समावेश (सम्पदा) | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक प्रतियोगिता तथा कार्यक्रम (वार्षिक) | संख्या | | |
| | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | | |
| | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | | |
| | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक केन्द्र | संख्या | | |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | साँस्कृतिक समिति | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक (कला र साहित्य) उत्सव (Art and Literature Festival) | संख्या | | |
| | प्रतिफल | कला संग्रहालय | संख्या | | |
| ४. | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | |
| | प्रतिफल | गाँउपालिकामा महिला उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या ( प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | |
| | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | | |
| | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | | |
| | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | | |
| | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | | |
| | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | | |
| | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | | |
| | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको(प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | | |
| | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा (प.दि.वि.ल. १६.१.१) | संख्या | | |
| | असर | उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात (प.दि.वि.ल. १६.२.३) | प्रतिशत | | |
| | असर | निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) ( प.दि.वि.ल. १६.७.२) | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | | |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | गाँउपालिकाबाट राष्ट्रिय संसद्मा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | प्रतिशत | | |
| | असर | गाँउपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व ( प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | प्रतिशत | | |
| | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व (Bodies) (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | प्रतिशत | | |
| | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | प्रतिशत | | |
| | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता ( प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | प्रतिशत | | |
| | असर | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | प्रतिशत | | |
| | असर | व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | प्रतिशत | | |
| | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (प.दि.वि.ल. ५.६.१) | प्रतिशत | | |
| | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | संख्या | | |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल. ५.क.२) | संख्या | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | प्रतिशत | | |
| ६. | **युवा श्रम तथा रोजगार** | | | | |
| | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | | |
| | असर | महिला बेरोजगार युवा | प्रतिशत | | |
| | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| | असर | पुरुष रोजगार युवा | प्रतिशत | | |
| | असर | महिला रोजगार युवा | प्रतिशत | | |
| | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | | |
| | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवाको | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत युवाको प्रतिशत | प्रतिशत | | |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट युवाको प्रतिशत | प्रतिशत | | |
| | असर | दुर्व्यसनमा फसेका युवाको प्रतिशत | प्रतिशत | | |
| | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | संख्या | | |
| | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवाको संख्या | संख्या | | |
| | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या ( कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | संख्या | | |
| ७. | **खेलकुद तथा मनोरञ्जन** | | संख्या | | |
| | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | | |
| | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | | |
| | प्रतिफल | खेल मैदानको संख्या | संख्या | | |
| | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | | |
| | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | | |
| | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | | |
| | प्रतिफल | व्यवथित पिकनिक स्थलको संख्या | संख्या | | |
| | प्रतिफल | व्यावथित पौडी पोखरीको संख्या | संख्या | | |
| | प्रतिफल | जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | | |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय,२०८१*

# परिच्छेद - ५: पूर्वाधार विकास

## ५.१ खानेपानी तथा सरसफाई

### ५.१.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ जिवनयापनको अत्यावश्यक आधार हो । गाउँपालिकाको आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार खानेपानीको मुख्य स्रोतको रुपमा ९०.३ प्रतिशतले धारा वा पाइपको पानी उपयोग गर्दछन भने बाँकी नगण्यले कुवा, सामुदायिक धारा लगायतको पानी प्रयोग गर्ने गरेका छन् । गाउँपालिकामा हाल सम्ममा २६ वटा खानेपानी आयोजनाहरु संचालनमा आइसकेका छन भने पालिकाको सुनकोशी, चौरी खोला, खानी खोला लगायतका नदि तथा खोलाको पानी लिफ्ट मार्फत खानेपानीको रुपमा विस्तार गर्ने कार्य भइरहेको छ। गाउँपालिकाले एक घर: एक धाराको लक्ष्य अनुरुप गाउँपालिका क्षेत्रभित्र सञ्चालित खानेपानीको नयाँ तथा क्रमागत आयोजना सम्पन्न गरी सबै घरधुरीमा खानेपानीको पहुँच सुनिश्चित गर्ने, हाल निर्माणाधिन अर्थात जिर्ण रहेका खानेपानी आयोजना निर्माण कार्यलाई प्रक्रियामा लैजाने लगायतका नीति तथा कार्यक्रम अगाडी सारेको छ ।

शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाइको अवस्थालाई जनाउने गर्दछ। देशका अन्य स्थानीय तहको तुलनामा यस पालिकाको सरसफाइको अवस्था सन्तोषजनक रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यहाँ सेफ्टी टैकं सहितको शौचालय प्रयोग गर्ने परिवारहरु ६७.६४ प्रतिशत रहेका छन् भने सार्वजनिक निकास भएको शौचालय प्रयोग गर्ने परिवार ४.६५ प्रतिशत रहेका छन्  त्यसैगरी २४.४९ प्रतिशत परिवारले खाडल भएको शौचालय प्रयोग गरिरहेका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

शुद्ध र स्वस्थ पिउने पानीको अभावमा टाइफाईड, झाडापखाला, आउँ जस्ता सरुवा रोगहरूको संक्रमण वर्षेनी फैलिन गई हुने मानवीय जीवनको क्षति नियन्त्रण गर्नु, सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसक्नु, पिउने पानी शुद्धिकरण सम्बन्धी उपायको अवलम्बन सम्बन्धी जनचेतनाको विस्तार गर्नु, वैज्ञानिकरुपमा फोहोरमैला व्यवस्थापन हुन नसक्नु, मानव तथा पशुजन्य विकारलाई पानीको मुहानभन्दा टाढा व्यवस्थापन गर्नु लगायतका समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, स्वस्थ र सुन्दर गाउँपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई |
| **लक्ष्य** |
| स्वच्छ खानेपानी र सरसफाइद्वारा स्थानीयवासीको जिवनस्तरमा सुधार गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकाबासीहरुलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु ।<br>✓ गाउँपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाईको सुविधा पुऱ्याउनु । |

## ५.१.४ रणनीति

१. एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने ।
२. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने ।
३. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाई सेवाको व्यवस्थापन गर्ने ।
४. सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ५.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानीको मुहान पहिचान तथा विवरण संकलन गरी संरक्षण | खानेपानीको मुहान पहिचान | ०८२/८३ ०८४/८५ | १५०० | खानेपानीको मुहान पहिचान तथा विवरण संकलन पश्चात मुहान भएको हुने |
| २ | आवश्यकताको आधारमा खानेपानी आयोजनाको निर्माण | खानेपानी सुविधा विस्तार | ०८३/८४-०८३/८४ | १००० | खानेपानी आयोजनाको निर्माण भएको हुने |
| ३ | एक घर एक धारा, एक चर्पी कार्यक्रम | स्वस्थ पिउने पानीको व्यवस्था | ०८१/८२-०८३/८४ | ११००० | एक घर एक धारा,एक चर्पी कार्यक्रम संचालन भएको हुने |
| ४ | खानेपानी आयोजना निर्माण सम्पन्न गरी उपभोक्ता समितिमार्फत सेवा सञ्चालन तथा खा.पा.उ स.लाई प्राविधिक सहयोग | खा.पा.उ स.लाई प्रोत्साहन | ०८२/८३ ०८४/८५ | ३०० | खानेपानी आयोजना निर्माण सम्पन्न गरी उपभोक्ता समितिमार्फत सेवा सञ्चालन तथा खा.पा.उ स.लाई प्राविधिक सहयोग प्रदान गरिएको हुने । |
| ५ | शौचालय निर्माण अनुदान | शौचालय प्रयोगलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | ४००० | विपन्न समुदायको घरमा शौचालय निर्माण भएको हुने |
| ६ | सार्वजनिक स्थल तथा बजार केन्द्रमा सार्वजनिक शौचालय, फोहोर संकलन केन्द्रको निर्माण | मानवजन्य तथा अन्य प्रकारका फोहोर व्यवस्थापन | ०८३/८४-०८४/८५ | २००० | सार्वजनिक स्थल तथा बजार केन्द्रमा सार्वजनिक शौचालय, फोहोर संकलन केन्द्रको निर्माण भएको हुने |
| ७ | सघन बस्ती क्षेत्रमा ढल निर्माण | व्यवस्थित बस्ती विकास | ०८३/८४-०८४/८५ | ८२०० | सघन बस्ती क्षेत्रमा ढल निर्माण भएको हुने |
| ८ | क) वडास्तरीय कम्पोस्ट मल उत्पादन तालिम | फोहोरमैलाको उचित व्यवस्थापन र बहुप्रयोग | साल बसाली | ५०० | वडास्तरीय कम्पोस्ट मल उत्पादन तालिम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | ख) फोहोर पुनर्प्रयोग गर्न तालिम | | | | |
| ९ | सरसफाई कार्यक्रम सञ्चालन | सहकार्य र साझेदारीमा आधारित फोहोरमैला व्यवस्थापन | साल बसाली | ४०० | सरसफाई कार्यक्रम सञ्चालन भएको हुने |
| १० | स्थानीय सञ्चार माध्यममा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम | सञ्चारका माध्यम मार्फत जनचेतना अभिवृद्धि | साल बसाली | ५०० | स्थानीय सञ्चार माध्यममा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन भएको हुने |

### ५.१.६ जोखिम पक्ष तथा अनुमान

पिउनयोग्य खानेपानीको मुहान पहिचान हुने, स्वच्छ पिउने पानी वितरण प्रणाली स्थापना हुने, पिउने पानी शुद्धीकरणको विधिबारे गाउँपालिकाबासी सचेत भएका हुने, मानवजन्य र अन्य फोहोरमैलाको उचित व्यवस्थापन भई सफा र हराभरा गाउँ निर्माण हुने, खानेपानी र फोहोरमैला व्यवस्थापनमा सामुदायिक र निजी संस्थाको संलग्नता बढी सुविधा सम्पन्न गाउँ विकास भएको हुने। उचित योजना, मुहान संरक्षणको अभाव, आयोजना निर्माणको अनुगमन तथा मुल्याङ्कन हुन नसकेको खण्डमा खानेपानी सम्बन्धी मौलिक हक तथा दिगो विकासका लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ।

## ५.२ सिँचाई

### ५.२.१ पृष्ठभूमि

पहाडी भू-भाग रहेको यो गाउँपालिकामा भिरालो जमिनको प्रधानता रहेता पनि यहाँको समृद्धिको प्रमुख संवाहक नै वन र कृषि क्षेत्र हुन्। यस गाउँपालिकामा धान, गहुँ, मकै जस्ता खाद्यान्न बाली साथै फलफूल बाली उत्पादनमा राम्रो सम्भावना रहेको छ। हाल गाउँपालिकाभित्र अधिकाशं कृषियोग्य भूभागमा बषैभरी नियमित रुपमा सिँचाइ सुविधाको अभाव रहेको छ। तथापी खेतीयोग्य केही भूभागमा मौषमी सिँचाइ सुविधा रहेको छ। पालिकाको आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार हाल यहाँ खानीखोला पुरानटार सिँचाइ योजना, चौँरीखोला सिँचाइ योजना, निर्माणाधिन अर्चले तल्लो टोल पिप्ले खिम्ती बेसी पोखरी सिँचाइ योजना, अधेरी खोला, मुहान पँधेरो मुहानबोटे सिँचाइ योजना, दिमी खोला मुहान सिँचाइ योजना, अधेरी खोला सिँचाइ योजना लगायतका सिँचाइ योजनाहरु संचालनमा रहेका छन्। तथापि अपर्याप्त सिँचाई सुबिधाको अभावका कारण सम्पूर्ण खेतीयोग्य जमिन मा उब्जाउ हुन सकेको छैन। सिँचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिँचाई आयोजनाहरू निर्माण गरी सिँचाई कार्य गर्नु नितान्त जरुरी छ।

## ५.२.२ समस्या तथा चुनौती

परम्परागत सिँचाई प्रणालीलाई समयसापेक्ष परिवर्तन गर्नु, वातावरण अनुकुल र श्रोतको उपलब्धताको आधारमा सिँचाईका विभिन्न विकल्प विकास गर्नु, डिप बोरिङको उचित व्यवस्थापन नहुनु, परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरुको मर्मत तथा सम्भार हुन नसक्नु, पोखरी र खोलानालाहरुमा मानविय क्रियाकलापका कारण अतिक्रमण बढ्नु, उपलब्ध जलाधार र जलस्रोतको उपयोग गर्न दिगो योजनाको विकास गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

## ५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| बाह्रै महिना पूर्ण सिँचाईयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| सम्पूर्ण खेतीयोग्य जमिनमा दिगो सिँचाईको व्यवस्थापन गरी उत्पादन र उत्पादकत्व बढाउनु |
| **उद्देश्यहरू** |
| ✓ सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउनु ।<br>✓ उपयुक्त प्रविधि मार्फत कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्नु ।<br>✓ सिँचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु । |

## ५.२.४ रणनीति

१. परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउने ।

२. उच्च प्रतिफलयुक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाई प्रणालीको विकास गर्ने ।

## ५.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिँचाइ गुरुयोजना निर्माण | विकासको लागि मार्ग चित्र तय | ०८२/८३ ०८२/८३ | ८०० | सिँचाइ गुरुयोजना निर्माण भएको हुने |
| २ | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नती | प्राथमिकताको आधारमा सबै वडामा सिँचाई पूर्वाधार निर्माण | ०८२/८३- ०८३/८४ | १२००० | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नती भएको हुने |
| ३ | आवश्यकताको आधारमा वैकल्पिक सिँचाईको व्यवस्था | सिँचाईको व्यवस्था | ०८२/८३- ०८३/८४ | ११००० | वैकल्पिक सिँचाईको व्यवस्था भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | ठूला कृषि उत्पादन क्षेत्रमा सिँचाईको विशेष व्यवस्था | कृषि पूर्वाधारको व्यवस्था | ०८२/८३-०८३/८४ | १३००० | ठूला कृषि उत्पादन क्षेत्रमा सिँचाईको विशेष व्यवस्था भएको हुने |
| ५ | सिँचाई उपभोक्ता समिति तालिम | जिम्मेवार उपभोक्ता समिति | ०८३/८४ ०८३/८४ | ५०० | सिँचाई उपभोक्ता समिति तालिम संचालन भएको हुने |
| ६ | जलवायु अनुकुलन तथा प्रभाव न्युनीकरण कार्यक्रम सञ्चालन | पर्यावरणमैत्री र जलवायु अनुकुल जीवनपद्धतिको निर्माण | साल बसाली | ५०० | जलवायु अनुकुलन तथा प्रभाव न्युनीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | सिँचाई सेवा शुल्क निर्धारण तथा संकलन | सेवामा आधारित शुल्क | ०८३/८४-०८३/८४ | १००० | सिँचाई सेवा शुल्क निर्धारण तथा संकलन भएको हुने |
| ८ | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन | जलाधार व्यवस्थापन | ०८२/८३ ०८४/८५ | ५०० | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन भएको हुने |

### ५.२.६ जोखिम पक्ष तथा अनुमान

कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध भई उत्पादन वृद्धि हुने, जलाधार क्षेत्रको पहिचान, प्रयोग र संरक्षण भएको हुने, बहुउपयोगी जलाशय निर्माण भएको हुने, आलोपालो प्रणाली मार्फत सिँचाईको समानुपातिक सुविधा पुगेको हुने, जलवायु अनुकुल उत्पादन र सिँचाई प्रणाली प्रयोगमा आएको हुनेछ । उल्लेखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा पानीको प्राकृतिक स्रोतको संरक्षण नहुने, परम्परागत र आधुनिक नहरको नियमित मर्मत सम्भार नहुने र कृषियोग्य भूमि बाँझो रहने तथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ५.३ ऊर्जा

### ५.३.१ पृष्ठभूमि

कुनै पनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार यस गाउँपालिकाका अधिकांश घरधुरी अर्थात ९३.५ प्रतिशतले खाना पकाउने मुख्य इन्धनको रुपमा काठदाउरा प्रयोग गर्ने गर्दछन । ५.८० प्रतिशत घरपरिवारले एल.पि ग्याँसको प्रयोग गर्ने गरेका छन् । बाँकी केही परिवारले मात्र बायोग्याँस तथा मट्टितेलको प्रयोग गर्ने गरेका छन् । काठदाउराको श्रोत सामुदायिक वन तथा निजी वन रहेका छन् । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् ।  हाल गाउँपालिकामा लघु जलविद्युतको पहुँच बढेसँगै विजुलीबाट खाना पकाउने परिवारको संख्या पनि बढ्दो क्रममा रहेको छ । यहाँ सुनकोशी नदि, चौरी खोला,खानी खोला लगायतका खोलाबाट लघु जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

## ५.३.२ समस्या तथा चुनौती

विद्युतीकरणको लागि पोल लगायत आवश्यक पूर्वाधारको स्थापना, दिगो विद्युत प्रवाहको लागि ट्रान्सफर्मरको अभाव, घरायसी इन्धनको रूपमा अझै पनि मानव स्वास्थ्यमा प्रतिकूल हुने तथा वनजंगल विनासको कारक तत्वको रूपमा रहेको काठदाउराको प्रयोग गरिनु, सार्वजनिक सडक बत्तिहरूको पर्याप्तता नहुनु, सुपथ मुल्यमा विद्युत सेवाको समन्यायिक वितरण लगायतका समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

## ५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ऊर्जामा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| यहाँको जलस्रोतको उच्चतम उपयोग गरी विद्युतको सहज व्यवस्था गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ ऊर्जामा सबै गाउँपालिकाबासीको पहुँच पुऱ्याउनु ।<br>✓ गाउँपालिकाको जलस्रोतको संरक्षण र उपयोग गर्नु । |

## ५.३.४ रणनीति

१. विद्युतीकरण नभएका स्थानहरुमा विद्युत् सेवा विस्तार गर्ने ।
२. विद्युत उत्पादन क्षमता वृद्धि गर्ने ।
३. विद्युत् बृहद् उपयोग बढाउने ।
४. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने ।
५. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ५.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत पोल तथा तार विस्तार तथा व्यवस्थापन | विद्युतीकरण | ०८३/८४-०८३/८४ | ११००० | विद्युत पोल तथा तार विस्तार तथा व्यवस्थापन भएको हुने |
| २ | वैकल्पिक ऊर्जा प्रर्वद्धनका लागि कानूनी दस्तावेजहरु तय | परम्परागत ऊर्जामा निर्भरता न्युनीकरण | ०८२/८३-०८३/८४ | १२००० | वैकल्पिक ऊर्जा प्रर्वद्धनका लागि कानूनी दस्तावेजहरु तय भएको हुने |
| ४ | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | ट्रान्सफर्मर जडान | ०८२/८३ ०८३/८४ | ५००० | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ८ | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार | सहज विद्युत सेवा विस्तार | ०८३/८४ ०८३/८४ | ३५०० | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार भएको हुने |
| १० | नविकरणीय तथा वैकल्पिक उर्जा उत्पादनमा सहयोग | वैकल्पिक उर्जा प्रर्वद्धन | ०८२/८३-०८३/८४ | १५०० | नविकरणीय तथा वैकल्पिक उर्जा उत्पादनमा सहयोग भएको हुने |
| ११ | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि | साल बसाली | ३५० | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ५.३.६ जोखिम पक्ष तथा अनुमान

विद्युत प्रसारणको लागि जग्गा प्राप्ति, सहज साइट क्लिरेन्स, विद्युतीय उपकरण प्रयोगलाई प्रोत्साहन, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएको खण्डमामा अपेक्षित उपलब्धि हासिल हुन्छ। उल्लिखित क्रियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ।

## ५.४ सडक तथा यातायात

### ५.४.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। यस गाउँपालिकामा रहेका मुख्य सडक सडकहरुमा मध्यपहाडी राजमार्ग खण्ड २५ कि.मि.,सादी डाँडाबाट मुख्य नाका गल्वा सम्म ९ कि.मि, सादी डाँडा-लुभुबजार २४ कि.मि., सादी डाँडा- सक्षम चौतारा हुँदै मानपुर आलमपुर १३ कि.मि, सादीडाँडा-खानीखोला– गुन्सी १५ कि.मि.,सादी डाँडा-पानीघाट-भ्वाँसा ९ कि.मि र सादीडाँडा-भ्वाँसा देसारगाउँ २० कि.मि लगायतका सडकखण्डहरुनै हुन।

गाउँपालिकाले सडकहरूको निर्माण, विस्तार तथा मर्मत गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ। तथापि यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था भने कमजोर रहेको पाइन्छ। त्यसकारण बस टर्मिनलको निर्माण गर्नु अतिआवश्यक रहेको छ। सडक मार्गबाट ओहोर दोहोर गर्ने यात्रुहरूलाई सुविधाको लागि विभिन्न स्थानहरूमा यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण गर्नु आवश्यक छ। सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धि गर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुऱ्याउने, रोजगारी श्रृजना गर्ने, गरिबी न्यूनीकरण गर्ने तथा आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउँछ। तसर्थ यस गाउँपालिकामा सडक तथा यातायात गुरुयोजना निर्माण गरी व्यवस्थित तवरले सडक सञ्जालको विस्तार गर्नुपर्ने देखिन्छ।

## ५.४.२ समस्या तथा चुनौती

सडक पूर्वाधार सम्बन्धी एकीकृत गुरुयोजनाको अभाव हुनु, पर्यावरणमैत्री र बाह्रै महिना संचालन हुने गरी सडकको स्तरोन्नती गर्नु, पर्याप्त पुल नहुनु र भएका पुलहरूको स्तरोन्नति गर्नु, सडकहरूमा ढल तथा नाली व्यवस्थापन गर्नु, सामाजिक र आर्थिक विकासका पूर्वाधारबीच अन्तर आबद्धता कायम गर्नु लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

## ५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता |
| **लक्ष्य** |
| सडक तथा यातायात पूर्वाधारको विकास, त्यसको गुणस्तर र पहुँचमा अभिवृद्धि गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिका सबै वस्तीहरुमा बाह्रै महिना सडक यातायातको पहुँच पुऱ्याउनु ।<br>✓ सडकको स्तरोन्नती, पुलपुलेसा निर्माण गरी आवागमन सहज बनाउनु । |

## ५.४.४ रणनीति

१. गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल विस्तार गर्ने ।
२. विद्यमान सडक पूर्वाधारको स्तरोन्नती तथा विस्तार गर्ने ।
३. सडक संरचनालाई व्यवसायीक सिदान्त अपनाइ संचालन र व्यवस्थापन गर्ने ।
४. दिगो तथा वातावरणमैत्री प्रविधिमा जोड दिने ।

## ५.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक तथा यातायात सम्बन्धी ऐन तथा नीतिगत दस्तावेज निर्माण | प्रणालीबद्ध सडक सञ्जालीकरण | ०८२/८३-०८२/८३ | ५००० | सडक तथा यातायात सम्बन्धी कानूनी दस्तावेजहरु निर्माण भएको हुने |
| २ | निर्माणाधिन सडक निर्माण तथा संचालन | सडक निर्माण तथा संचालन | ०८२/८३-०८२/८३ | १५००० | निर्माणाधिन सडक निर्माण तथा संचालन भएको हुने |
| ४ | नयाँ सडकहरूको विस्तृत परियोजना प्रतिवेदन निर्माण | रणनीतिक सडक निर्माण | ०८२/८३ ०८२/८३ | २००० | नयाँ सडकहरूको विस्तृत परियोजना प्रतिवेदन निर्माण भएको हुने |
| ५ | वडाकेन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको | सबै वडामा सडक सञ्जालीकरण | ०८२/८३-०८४/८५ | २७००० | वडाकेन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | स्तरोन्नती तथा कालोपत्रे | | | | स्तरोन्नती तथा कालोपत्रे भएको हुने |
| ६ | सार्वजनिक सवारीसाधनको संख्या र प्रकार, रुट र भाडादर निर्धारण | सुलभ, सहज र नियमित यातयात सेवाको उपलब्धता | ०८४/८५ ०८४/८५ | १०० | सार्वजनिक सवारीसाधनको संख्या र प्रकार, रुट र भाडादर निर्धारण भएको हुने |
| ७ | उच्च प्राथमिकता प्राप्त पुलहरूको सर्वेक्षण अध्ययन, डिपिआर | सम्भाव्यता प्राप्त आयोजनाको डिपिआर तयार | ०८२/८३-०८४/८५ | ३००० | उच्च प्राथमिकता प्राप्त पुलहरूको सर्वेक्षण अध्ययन, डिपिआर भएको हुने |
| ८ | उच्च प्राथमिकता प्राप्त पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय | पूर्वाधार निर्माणमा साझेदारी | ०८२/८३-०८३/८४ | ३०० | उच्च प्राथमिकता प्राप्त पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय भएको हुने |
| ९ | सडक मर्मत सम्भार कोष स्थापना | पूर्वाधारको निर्माण | ०८३/८४-०८३/८४ | ३३०० | सडक मर्मत सम्भार कोष स्थापना निर्माण भएको हुने |
| १० | नियमित सडक मर्मत | सडक पूर्वाधार निर्माण | ०८२/८३-०८४/८५ | १००० | प्राथमिकता का आधारमा सडक मर्मत भएको हुने |

### ५.४.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रका विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत सम्भारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातयातका पूर्वाधार निर्माण र प्रभावकारी सञ्चालनमा आउन सक्नेछन् । स्थानीयबासीको आवश्यकताका आधारमा रुटको निर्धारण, यातयात सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातयात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.५ आवास, भवन तथा वस्ती विकास

### ५.५.१ पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो । नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । अधिकाशं घरहरु कच्ची तथा अर्धपक्कि अवस्थामा रहेको यो गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ को तथ्याङक अनुसार ८१ .११ प्रतिशत घरधुरी ढुङ्गा तथा इटाको जोडाइबाट बनेका छन् छन् भने १३.८१ प्रतिशत घरहरु सिमेन्टको जोडाइबाट बनेका छन् । यहाँको बजार क्षेत्रमा पक्की अवस्थाका घरहरु बनेको भएता पनि ग्रामिण क्षेत्रमा अधिकाशं कच्ची संरचनाहरु नै रहेका छन् । यहाँका मुख्य बजार केन्द्रहरुमा सादी बजार, हिलेदेवी बजार, गाल्पा, गुँरासे, डुहु, बेथान खनियाँपानी लगायत पर्दछन ।

## ५.५.२ समस्या तथा चुनौती

भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसक्नु, भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव रहनु, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माणसम्बन्धी ठोस नीति आवश्यक रहेको, भवन निर्माण सम्बन्धी मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको, छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

## ५.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधा सम्पन्न आवासको प्रत्याभूति

**लक्ष्य**

व्यवस्थित, गुणस्तरीय, सन्तुलित र सरक्षित आवास तथा वस्ती विकास गर्ने ।

**उद्देश्यहरू**

- ✓ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्ने ।
- ✓ स्थानीय समुदायलाई भवन निर्माण आचारसंहिताबारे सुसूचित गर्ने ।

## ५.५.४ रणनीति

१. आवास, वस्ती विकास र भवन निर्माण सम्बन्धी आवश्यक नीतिगत दस्तावेज तयार गर्ने ।
२. सुरक्षित आवास तथा भवन हरु निर्माण गर्ने ।
३. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने ।

## ५.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सभागृह तथा प्रदशनीस्थल को सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने | पूर्वाधार विकास | ०८२/८३-०८३/८४ | ३५०० | सभागृह तथा प्रदशनीस्थल को सम्भाव्यता अध्ययन गरी निर्माण भएको हुने |
| २ | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान | एकीकृत तथा दिगो आवास निर्माण | ०८२/८३ ०८२/८३ | १००० | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान भएको हुने |
| ३ | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित | सहभागीतामुलक आवास निर्माण | ०८२/८३-०८३/८४ | ७००० | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण | | | | सहकार्यमा एकीकृत बस्ती निर्माण भएको हुने |
| ४ | भवन आचार संहिता तर्जुमा तथा लागु | सुरक्षित भवन निर्माण | ०८२/८३ ०८२/८३ | १००० | भवन आचार संहिता तर्जमा तथा लागु भएको हुने |
| ५ | भवन निर्माण संहिता कार्यान्वयन गर्न जोखिम क्षेत्र पहिचान | सुरक्षित भवन निर्माण | ०८२/८३-०८३/८४ | ५०० | भवन निर्माण संहिता कार्यान्वयन गर्न जोखिम क्षेत्र पहिचान भएको हुने |
| ६ | आवश्यकताका आधारमा सरकारी भवन निर्माण | सबै प्रकारका सेवाग्राहीमैत्री सरकारी भवन निर्माण | ०८३/८४-०८४/८५ | ५०० | आवश्यकताका आधारमा सरकारी भवन निर्माण भएको हुने |
| ७ | सुरक्षित आवास निर्माणका लागि क्षमता अभिवृद्धि सम्बन्धी तालिम | सीपयुक्त जनशक्तिको उपलब्धता | ०८२/८३-०८३/८४ | १५०० | सुरक्षित आवास निर्माणका लागि क्षमता अभिवृद्धि सम्बन्धी तालिम संचालन भएको हुने |

### ५.५.६ जोखिम पक्ष तथा अनुमान

अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्न दीर्घकालीन योजना निर्माण गर्न नसकिएमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकासको लक्ष्य कार्यान्वयन दुवै जोखिममा पर्ने सम्भावना रहन्छ ।

## ५.६ सूचना तथा सञ्चार

### ५.६.१ पृष्ठभूमी

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ । नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकामा करिब ८४.८३ प्रतिशतले मोबाइल फोन प्रयोग गर्ने गरेका छन् भने ३५.७३ प्रतिशत घरधुरीमा टेलिभिजनको प्रयोग हुने गरेको छ । यहाँका ४०.०० प्रतिशत घरधुरीमा रेडियोको पहुँच रहेको छ भने ५.४१ प्रतिशत घरधुरीले इन्टरनेटको प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाका सबै वडाहरूमा र बजार क्षेत्रमा इन्टरनेट सेवा उपलब्ध हुनुका साथै नेपाल टेलिकम तथा एनसेलले मोबाइल फोन सेवा प्रदान गरेका छन् । त्यसैगरी गाउँपालिकामा विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरूले इन्टरनेट सेवा प्रदान गर्दै आएको भए तापनि इन्टरनेट प्रविधिको अवस्था कमजोर रहेकोले विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा संचारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ ।

## ५.६.२ समस्या तथा चुनौती

गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नु, साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, सञ्चारका विभिन्न माध्यमको समयसापेक्ष विस्तार, अनुगमन र नियमन गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

## ५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका

**लक्ष्य**

भरपर्दो सूचना तथा संचार सेवा र सुविधा विस्तार गरी नागरिकको पहुँच वृद्धि गर्ने ।

**उद्देश्यहरू**

- ✓ विद्युतीय स्थानीय सरकार सूचाङ्कमा सन् २०२५ सम्ममा उत्कृष्ट स्थानीय तहको सरकारको तहमा पुऱ्याउने ।
- ✓ मोवाइल र टेलिफोन सेवाको पहुँच सबैमा सुनिश्चित गर्ने ।
- ✓ विद्युतीय सरकारको अवधारणा अनुरुप बढी भन्दा बढी नागरिक लक्षित सेवाहरु अनलाइन मार्फत प्रदान गर्ने ।

## ५.६.४ रणनीति

१. सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने ।
२. गाउँपालिकाबासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने ।
३. क्षमता अभिवृद्धिमूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ५.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण | सञ्चार क्षेत्रको विकासमा निजी क्षेत्रको योगदान | ०८२/८४-०८३/८४ | २००० | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण भएको हुने |
| २ | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण | सुचनाको उत्पादन र खपत | साल बसाली | ३०० | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण भएको हुने |
| ३ | गाउँपालिकाको वेभसाइट अपडेट | सूचनामा सहज पहुँच | साल बसाली | २०० | गाउँपालिकाको वेभसाइट अपडेट भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | e-library स्थापना | ज्ञानको विस्तार | ०८४/८५ ०८४/८५ | १००० | e-library स्थापना भएको हुने |
| ५ | विद्युतीय सूचना पूर्वाधार निर्माण | विद्युतीय सूचनाको प्रयोगमा वृद्धि | ०८२/८३ ०८३/८४ | २०० | विद्युतीय सूचना पूर्वाधार निर्माण भएको हुने |
| ६ | डिजटल र स्मार्ट गाउँपालिकाको अभियानलाई निरन्तरता | स्मार्ट गाउँपालिका निर्माण | ०८२/८३- ०८३/८४ | ३५० | डिजटल र स्मार्ट गाउँपालिकाको अभियान निरन्तर भएको हुने |
| ७ | सूचना प्रविधि तालिम सञ्चालन | प्रविधिमैत्री कर्मचारी प्रशासन र कार्यालय | ०८२/८३ ०८३/८४ | २०० | सूचना प्रविधि तालिम सञ्चालन भएको हुने |
| ८ | सञ्चारका साधन प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | सञ्चार माध्यम र साधनको दुरुपयोगबाट हुने सक्ने समस्या सम्बन्धी सचेतना | साल बसाली | ५०० | सञ्चारका साधन प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

## ५.६.६ जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबीच सहकार्य हुने, लक्षित वर्गमा सञ्चार सेवाको पहुँच विस्तार कार्यक्रम केन्द्रित हुने, गाउँपालिकाको वेभसाइट निरन्तर अद्यावधिक गरी सार्वजनिक सूचनामा पहुँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने सामाग्रीको गुणस्तरीय विकासको लागि क्षमता अभिवृद्धि गर्ने जस्ता कार्य गरिएको खण्डमा अपेक्षित उपलब्धि हासिल हुने सम्भावना रहन्छ । आयोजना/कार्यक्रमलाई प्राथमिकिकरण तथा स्रोतसाधनको उचित विनियोजन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **खानेपानी तथा सरसफाई** | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) (प.दि.वि.ल. ६.१.१.१) | प्रतिशत | ५५ | १०० |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या (प.दि.वि.ल. ६.१.१.२) | प्रतिशत | ७० | १०० |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ० | १०० |
| | असर | उन्नत सुधारिएका सरसफाइसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन (प.दि.वि.ल. ६.२.१.१) | प्रतिशत | ० | ३५ |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प.दि.वि.ल. ६.२.१.२) | प्रतिशत | १०० | १०० |
| | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार(प.दि.वि.ल. ६.२.१.३) | प्रतिशत | १०० | १०० |
| | प्रतिफल | उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका खानेपानी आयोजना | संख्या | २५ | ५० |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | २४ | २४ |
| | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३० | १०० |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | ७२ | १०० |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित नगरघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | १ | २ |
| २. | **सिँचाई** | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ६० | १०० |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ६० | १०० |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) | हेक्टर | १८९१ | |
| ३. | **उर्जा** | | | | |
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या(प.दि.वि.ल. ७.१.१) | प्रतिशत | १०० | १०० |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ८५ | १०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.१) | प्रतिशत | २० | २० |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार ( प.दि.वि.ल. ७.१.२.२) | | ८० | १०० |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २५ | २५ |
| | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ० | ० |
| | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ८० | ८० |
| **४.** | **सडक तथा यातायात** | | | | |
| | असर | बाह्रै महिना सवारीसाधन सञ्चालनयोग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार | प्रतिशत | ८० | १०० |
| | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | २५ | ० |
| | असर | सडक घनत्व | कि.मि. | २ | १५ |
| | प्रतिफल | गाँउपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | ० | ५० |
| | प्रतिफल | गाँउपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | १४५ | १४५ |
| | प्रतिफल | गाँउपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | ६ | १४५ |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि | १२ | १२ |
| | प्रतिफल | सडकहरुमा व्यावस्थित नाला निर्माण | कि.मि | २५ | १२५ |
| | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | १ | २४ |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या | प्रतिशत | ० | ० |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | १०० | १०० |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | २५ | २५ |
| **५.** | **आवास, भवन तथा वस्ती विकास** | | | | |
| | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | १ | ० |
| | असर | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुविधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | ५ | ० |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | २.५ | ० |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार | प्रतिशत | ३० | १०० |
| | असर | बहुतले आवास (अपार्टमेन्ट) मा बस्ने परिवार | प्रतिशत | ० | ० |
| **६.** | **सूचना तथा सञ्चार** | | | | |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार | ९० प्रतिशत | २०८२ | |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | ५५०० | २०८२/०८३ | |
| | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | ९७ प्रतिशत | | |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | ५७ प्रतिशत | | |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय २०८१*

# परिच्छेद - ६ : वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा भू-संरक्षण

### ६.१.१ पृष्ठभूमी

यस गाउँपालिकाको कूल क्षेत्रफल मध्ये ४०.३६ प्रतिशत भू-भाग वन जंगलले ओगटेको छ । यहाँ २९ वटा सामुदायिक वन तथा २१ वटा कवुलियती वन लगायत स-साना क्षेत्रमा फैलिएका केही निजी वनहरु रहेका छन् । वनजंगलले प्रशस्त क्षेत्र ओगटेको हुनाले विभिन्न जनावर जस्तैः स्याल, मृग, बाँदर, सालक,बँदेल, चित्तल, चितुवा, साथै चराचुरुङगी जस्तैः कोइली, कालिज, ढुकुर, माटेकोरे आदि पाइन्छ। यसैगरी वनस्पतीमा रानी सल्लो, ठिङ्ग्रे सल्लो, उतिस, चिलाउने, मालगेडी आदि पाइन्छन् भने जलचर प्राणीमा माछा, हाँस, भ्यागुता, हुटीट्याउँ, कछुवा, चेपागाँडा आदि पाइन्छन । यहाँ रहेको बाँझो जमिनमा व्यापक जनपरिचालन गरी वृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी सीमित मात्रामै भएपनि वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। त्यसैगरी गाउँपालिकाको अधिकांश क्षेत्र पहाडी भू-भाग भएकाले वर्षातको समयमा बाढी पहिरो गई धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले संवेदनशील क्षेत्रहरूमा बृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु आवश्यक छ।

### ६.१.२ समस्या तथा चुनौती

इन्धनको प्रमुख श्रोतका रुपमा वन पैदावरको प्रयोग अत्याधिक हुनु, वन पैदावर र जडीबुटी संकलन तथा प्रयोगलाई आर्थिक समृद्धिको रुपमा परिचालन गर्न नसक्नु, सामुदायिक वनको आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउन नसक्नु, मानिस, वातावरण र जंगली जनावरबीच सन्तुलित सम्बन्ध बनाउन नसक्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| जल, जमिन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोगमार्फत दिगो विकास हासिल गर्ने |
| **लक्ष्य** |
| जैविक विविधता संरक्षण, वैज्ञानिक वन व्यवस्थापनद्धारा दिगो विकास हासिल गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ वन क्षेत्रको दिगो व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक श्रोतको प्रमुख आधार बनाउनु ।<br>✓ वैज्ञानिक वन व्यवस्थापन मार्फत वन पैदावारको उत्पादनमा वृद्धि तथा वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु । |

## ६.१.४ रणनीति

१. वन, जैविक विविधताको संरक्षण एवं विकास गर्ने ।
२. वन जंगल, जडिबुटी तथा वातावरण विकास एवं संरक्षणलाई आय र रोजगारीमा आवद्ध गर्ने ।
३. समुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउदै समुदायका विपन्न वर्गलाइ लाभ पुऱ्याउने ।
४. वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति निर्माण गर्ने ।
५. वातावरण विनास चोरी शिकारी नियन्त्रण गर्ने ।

## ६.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जैविक विविधता संरक्षण सम्बन्धी नीति तथा योजनाहरु तर्जुमा | हरित क्षेत्रको विस्तार | ०८२/८३ ०८२/८३ | ५०० | जैविक विविधता संरक्षण सम्बन्धी नीति तथा योजनाहरु तर्जुमा भएको हुने |
| २ | सामुदायिक वनमा लाभ हुने र उच्च मुल्यका जडीवुटी र वन अनुकुल फलफुल फलफुल खेती लगाउन प्रोत्साहन | फलफूल तथा अन्य विरुवा उत्पादनमा आत्मनिर्भर | ०८२/८३-०८३/८४ | ८०० | सामुदायिक वनमा लाभ हुने र उच्च मुल्यका जडीवुटी र वन अनुकुल फलफुल फलफुल खेती लगाउन प्रोत्साहन गर्ने कार्य भएको हुने |
| ३ | भू उपयोग योजना निर्माण | कानूनी दस्तावेजको निर्माण | ०८२/८३ ०८२/८३ | १२०० | भू उपयोग योजना निर्माण भएको हुने |
| ४ | पहिरो तथा भू क्षय संवेदनशील क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन | पहिरोग्रस्त क्षेत्रको नक्साङ्कन | ०८२/८३ ०८२/८३ | २०० | पहिरो तथा भू क्षय संवेदनशील क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन भएको हुने |
| ५ | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम | दिगो वन व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा वृद्धि | ०८२/८३-०८२/८३ | ५०० | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम संचालन भएको हुने |
| ६ | वडास्तरिय नर्सरी स्थापना | विभिन्न प्रजातिका बोटविरुवाको उत्पादन र वितरण | ०८२/८३ ०८३/८४ | १५०० | वडास्तरिय नर्सरी स्थापना भएको हुने |
| ७ | वन उपभोक्ता समितिलाई तालिम | उपभोक्ता समितिको सशक्त नेतृत्व | साल बसाली | ५०० | वन उपभोक्ता समितिलाई तालिम संचालन भएको हुने |
| ८ | हरित क्षेत्र तथा पार्क निर्माण | स्थानको उपलब्धता र आवश्यकताको आधारमा विभिन्न वडामा हरित क्षेत्र र पार्क निर्माण | ०८३/८४-०८४/८५ | १००० | हरित क्षेत्र तथा पार्क निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ९ | वृक्षारोपण मार्फत पानीको मुहान संरक्षण | जलाधार र मुहान संरक्षण | साल बसाली | २५० | वृक्षारोपण मार्फत पानीको मुहान संरक्षण भएको हुने |
| १० | "कटान पश्चात पुनः हरियो" कार्यक्रम संचालन | दिगो वन तथा भू-संरक्षण | ०८३/८४-०८३/८४ | ५०० | "कटान पश्चात पुनः हरियो" कार्यक्रम संचालन भएको हुने |
| ११ | चोरी निकासी नियन्त्रयण गर्न तालिम तथा अभिमुखीकरण | सचेतना मार्फत चोरी निकासी नियन्त्रण | ०८३/८४-०८३/८४ | १०० | चोरी निकासी नियन्त्रयण गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन भएको हुने |
| १२ | वातावरणिय हिसाबले जोखिमयुक्त र अति संवेदनशिल क्षेत्र घोषणा | जोखिमयुक्त र अति संवेदनशिल क्षेत्रको नक्साङ्कन | ०८२/८३ ०८२/८३ | ५०० | वातावरणिय हिसाबले जोखिमयुक्त र अति संवेदनशिल क्षेत्र घोषणा भएको हुने |
| १३ | संकटापन्न वन्यजन्तु, स्थलचर, जलचर संरक्षण कार्यक्रम | संकटापन्न वन्यजन्तु संरक्षण | साल बसाली | ४०० | संकटापन्न वन्यजन्तु, स्थलचर, जलचर संरक्षण कार्यक्रम संचालन भएको हुने |

### ६.१.६ जोखिम पक्ष तथा अनुमान

निजी वन प्रवर्द्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारका लागि बोटविरुवाको बेर्ना वितरण, नदीजन्य कटान रोक्नका लागि तारजालीको व्यवस्थापन, बायो इजिनियरिङ्ग विधि अवलम्बन जस्ता कार्य गर्न सकिएको खण्डमा वन तथा भू-संरक्षण गर्न सकिन्छ । पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

## ६.२ जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमी

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । समृद्धिका आधारहरू मध्ये जलस्रोत पनि एक हो । यस गाउँपालिकामा मुख्य जलस्रोतको रुपमा सुनकोशी नदी, चौँरी खोला, खानी खोला, कामा खोला, ठाडो खोला, घट्टे खोला लगायतका १० वटा भन्दा बढि खोला तथा खोल्साहरु रहेका छन् । यस्ता महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र गाउँपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ ।

### ६.२.२ समस्या तथा चुनौती

जलाधार क्षेत्र संरक्षण, वैज्ञानिक जलाधार व्यवस्थापन, पिउने पानी, कृषि र अन्य प्रयोजनको जलश्रोतको बहुउपयोगको व्यवस्थापन, वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू, मानवीय चेतना वृद्धि लगायतका कार्यमा दीर्घकालीन सोच र लगानी लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| गाउँपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल गर्ने |
| **लक्ष्य** |
| पहिरो तथा भू क्षयबाट हुने मानविय तथा अन्य क्षतीमा न्यूनिकरण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ जोखिम क्षेत्र पहिचान गरी सुरक्षित वस्ती विकास गर्ने ।<br>✓ पहिरो तथा भू क्षयलाइ नियन्त्रण गरी क्षती न्युनीकरण गर्ने ।<br>✓ गाउँपालिका क्षेत्रको जलाधार व्यवस्थापन गर्ने । |

### ६.२.४ रणनीति

१. जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने ।
२. जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने ।
३. जलस्रोतको दिगो प्रयोग र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
४. पूर्व सूचना प्रणालीको व्यवस्था गर्ने ।

### ६.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
| --- | --- | --- | --- | --- | --- |
| १ | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार | जलस्रोत तथा जलाधार क्षेत्रको अद्यावधिक तथ्याङ्क उपलब्ध | ०८२/८३ ०८२/८३ | ५०० | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार भएको हुने |
| २ | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार | कानूनको तर्जुमा | ०८३/८४- ०८३/८४ | १०० | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार भएको हुने |
| ३ | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम | जलाधार क्षेत्र संरक्षण | ०८३/८४ ०८४/८५ | १००० | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन भएको हुने |
| ४ | जोखिमयुक्त स्थानमा पूर्व सूचना प्रणाली को व्यवस्था | विपद् बाट हुने क्षतीको न्युनीकरण | साल बसाली | १५०० | जोखिमयुक्त स्थानमा पूर्व सूचना प्रणाली को व्यवस्था भएको हुने |
| ५ | वृक्षारोपण कार्यक्रम | वनजंगल संरक्षण र व्यवस्थापन | साल बसाली | ५०० | वृक्षारोपण कार्यक्रम संचालन भएको हुने |
| ६ | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी | जलाधार क्षेत्रको बहुपयोग | ०८२/८३ ०८३/८४ | १०० | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया | | | | आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया भएको हुने |
| ७ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | बहुसरोकारवाला निकाय र व्यक्ति सचेत | साल बसाली | ६०० | जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ६.२.६ जोखिम पक्ष तथा अनुमान

जलाधार क्षेत्रको नक्सांकन र संरक्षण, खाली तथा प्रयोगहीन जमिनमा बृक्षारोपण, प्राकृतिक पोखरीको संरक्षण र कृत्रिम पोखरीको निर्माण, जलाधार क्षेत्रको संरक्षण र बहुउपयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकेमा जलाधार क्षेत्रको संरक्षण हुन जान्छ। जलाधार क्षेत्रको अतिक्रमण, अव्यवस्थित फोहोरमैला र सचेतनाको अभावमा जलाधार क्षेत्र विनाश हुँदै जाने जोखिम रहन्छ।

## ६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### ६.३.१ पृष्ठभूमी

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा वर्षेनी प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। यस गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ। यस गाउँपालिकामा विशेषगरी बाढी, पहिरो, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेका छन्। यस्ता यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्नु आवश्यक हुन्छ।

### ६.३.२ समस्या तथा चुनौती

जलवायु परिवर्तनजन्य प्राकृतिक प्रकोप न्युनीकरण, नदी कटान र भू-क्षय नियन्त्रण, व्यवस्थित र प्रणालीबद्ध मानव बस्ती विकास, विषादीजन्य र किटनाशक औषधिको प्रयोग सम्बन्धी सचेतना वृद्धि, प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माण गर्नु, विकास निमार्ण कार्यलाई पर्यावरणमैत्री बनाई दिगो विकास लक्ष्य प्राप्तिमा सहजीकरण लगायतका समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा रहेको छ।

### ६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने |

| लक्ष्य |
| --- |
| विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तको असरबाट जनधनको संरक्षण गर्ने । |

| उद्देश्यहरू |
| --- |
| ✓ विपद् तथा जोखिमबाट हुने मानविय, भौतिक, आर्थिक, समाजिक र पर्यावरणीय क्षतीमा कमी ल्याउने ।<br>✓ जलवायु परिवर्तनको असर न्युनीकरण गर्ने । |

## ६.३.४ रणनीति

१. प्राकृतिक तथा गैर प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने ।

२. विपद् व्यवस्थापन योजना निर्माण गर्ने ।

३. विपद् व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने ।

४. जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने ।

५. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ६.३.५ कार्यक्रमको विस्तृत विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
| --- | --- | --- | --- | --- | --- |
| १ | विपद् व्यवस्थापन तथा महामारी न्युनीकरण सम्बन्धी कानूनी दस्तावेज निर्माण | कानूनी दस्तावेजहरु तय | ०८२/८३<br>०८२/८३ | ५०० | विपद् व्यवस्थापन तथा महामारी न्यूनीकरण सम्बन्धी कानूनी दस्तावेज निर्माण भएको हुने |
| २ | विपद् पूर्वानुमान तथा चेतावनी सुचना प्रणालीको प्रभावकारी सञ्चालन | प्रविधिको प्रयोगबाट विपद्बाट हुने क्षति न्युनीकरण | ०८२/८३<br>०८२/८३ | १३०० | विपद् पूर्वानुमान तथा चेतावनी सुचना प्रणालीको प्रभावकारी सञ्चालन भएको हुने |
| ३ | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण | समयमा सूचना संप्रेषण हुने | ०८३/८४<br>०८३/८४ | १२०० | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण भएको हुने |
| ४ | विपद् व्यवस्थापन कोष स्थापना तथा संचालन | विपद् व्यवस्थापनमा सहजता | ०८२/८३-<br>०८३/८४ | १००० | विपद् व्यवस्थापन कोष स्थापना तथा संचालन भएको हुने |
| ५ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | पूर्वतयारी | ०८३/८४<br>०८३/८४ | ३०० | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण भएको हुने |
| ६ | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | खुल्ला स्थानको व्यवस्था | ०८२/८३<br>०८३/८४ | ३५०० | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७ | जोखिमयुक्त वस्तीको स्थानान्तरण | विपद् व्यवस्थापन | ०८२/८३ ०८४/८५ | १८०० | जोखिमयुक्त वस्तीको स्थानान्तरण भएको हुने |
| ८ | माहामारीका लागि आइसोलेसन केन्द्र निर्माण | आइसोलेसन केन्द्र निर्माण | ०८२/८३-०८३/८४ | ५००० | माहामारीका लागि आइसोलेसन केन्द्र निर्माण भएको हुने |
| ९ | विपद् व्यवस्थापन गर्ने संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्य | समन्वयात्मक र सहकार्यात्मक विपद् व्यवस्थापन | साल बसाली | ६०० | विपद् व्यवस्थापन गर्ने संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्य भएको हुने |
| १० | तालिम, अर्न्तक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन | विपद् प्रतिकार्य र रोकथाम सम्बन्धी सचेतना अभिवृद्धि | साल बसाली | ३०० | तालिम, अर्न्तक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन भएको हुने |

### ६.३.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा प्रत्येक वर्ष देखापर्ने प्राकृतिक जोखिम न्युनीकरणका लागि जोखिमयुक्त क्षेत्रको नक्सांकन हुने, जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरण हुने, जलवायु परिवर्तनबाट सिर्जना हुने समस्या र अनुकुलनताका उपाय अवलम्बन हुने, संक्रमण र महामारीजन्य रोगको बारेमा गाउँपालिका भौतिक र वित्तीय रुपमा सबल अवस्थामा हुने तथा तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमबीच समन्वयात्मक सम्बन्ध बनाउन सकेमा विपद्जन्य समस्या र जलवायु परिवर्तन अनुकुल बालीनाली लगाउन सकिन्छ। विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुनर्स्थापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ।

## ६.४ वातावरण संरक्षण

### ६.४.१ पृष्ठभूमी

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ। वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो। यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरु निम्त्याउँछ। नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ। तसर्थ यस गाउँपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ।

## ६.४.२ समस्या तथा चुनौती

वातावरण र विकास बीच सन्तुलन कायम गर्नु, पर्यावरणमैत्री कृषि प्रणालीको अवलम्बन, प्रदुषकले क्षति व्यर्होने पद्धतिको कार्यान्वयन गराउनु, सामाजिक उत्तरदायित्व अन्तर्गत गाँउपालिका क्षेत्रभित्रका उद्योग, कलकारखानालाई सामाजिक पुनःउत्थानका कार्यक्रममा उत्प्रेरित गर्नुपर्ने जस्ता समस्या र चुनौती वातावरण संरक्षणका क्षेत्रमा यस गाउँपालिकामा समेत रहेका छन् ।

## ६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, सफा, हराभरा हाम्रो गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गर्ने ।<br>✓ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरण मैत्री बनाउने । |

## ६.४.४ रणनीति

१. प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने ।
२. समुदाय वा टोलस्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने ।
३. ऐतिहासिक तथा सार्वजनिक स्थलहरुको दिगो विकास र संरक्षण गर्ने ।

## ६.४.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान | पर्यावरण संरक्षण | ०८३/८४<br>०८३/८४ | १५० | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान संचालन भएको हुने |
| २ | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | फोहोरमैला व्यवस्थापन | ०८२/८३<br>०८२/८३ | १००० | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | वैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | परम्परागत उर्जाको प्रयोगलाई क्रमिक निरुत्साहन | ०८३/८४ ०८३/८४ | ३००० | वैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान प्रदान गरिएको हुने |
| ४ | ठूला उद्योग सञ्चालन मापदण्ड तयार | कानूनको निर्माण | ०८२/८३ ०८२/८३ | १०० | ठूला उद्योग सञ्चालन मापदण्ड तयार भएको हुने |
| ५ | भूसंरक्षण योजना कार्यान्वयन | भू संरक्षण | ०८२/८३ ०८२/८३ | ३०० | भूसंरक्षण योजना कार्यान्वयन भएको हुने |

## ६.४.६ जोखिम पक्ष तथा अनुमान

भूउपयोग नीति अनुसार उद्योगको स्थापना, पर्यावरणमैत्री बालीनाली उत्पादन, भौतिक निर्माण सम्बन्धी विकासका कार्य सञ्चालन गर्दा दीर्घकालीन वातावरणीय प्रभावको अध्ययन, औद्योगिक, अस्पतालजन्य, मानवजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन तथा मृत जनावारको उचित व्यवस्थापन भएमा वातावरण संरक्षण हुनसक्छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा खानीजन्य पदार्थको अधिक दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम आउन सक्छ ।

### नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **वन तथा भू-संरक्षण** | | | २०८१/८२ | २०८४/८५ |
| | असर | वनले ओगटेको कुल क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१) | प्रतिशत | | |
| | असर | सामुदायिक वनले ओगटेको क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१.१) | प्रतिशत | १९.२ | २० |
| | प्रतिफल | वृक्षारोपण गरिएको क्षेत्र (प.दि.वि.ल. १५.२.१.२) | हेक्टर | ०.०१ | १ |
| | प्रतिफल | वनस्पति उद्यान | संख्या | ० | ५ |
| | असर | वैज्ञानिक व्यवस्थापन प्रणाली लागु वनको क्षेत्र | प्रतिशत | ० | १९.२ |
| | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र | प्रतिशत | ० | ५ |
| | असर | मिचाहा प्रजातिका बिरुवाहरुले ओगटेको वनको क्षेत्र ( प्रतिशत) | प्रतिशत | - | - |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरु | प्रतिशत | - | - |
| | असर | अनुत्पादक झाडी, बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र | हेक्टर | १७८३.४१ | १८०० |
| | असर | संकटापन्न घोषणा भएका वनस्पतिको संख्या | प्रतिशत | - | - |
| | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | प्रतिशत | - | - |
| | प्रतिफल | सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | संख्या | ४ | १० |
| | असर | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू-संरक्षण गरिएका स्थानहरूको संख्या | संख्या | ० | १५ |
| २. | **जलाधार व्यवस्थापन** | | | | |
| | असर | ताल, सिमसार र तलाउ/पोखरीहरुको संख्या (प.दि.वि.ल. १५.१.२.२) | संख्या | ७ | १० |
| | असर | संकटासन्न तालहरु/पोखरीहरु (प.दि.वि.ल. १५.४.१.१) | संख्या | ५ | ० |
| | प्रतिफल | संरक्षित सिमसार क्षेत्र | संख्या | ० | ३ |
| | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | ५० | १०० |
| | प्रतिफल | परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरुको संख्या | संख्या | ६४ | ६४ |
| | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | १० | २० |
| | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरुको संख्या | संख्या | ७ | ११ |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका खोलाहरूको संख्या | संख्या | ५ | ५ |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरुको संख्या | संख्या | ४० | ६४ |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | ३ | ५ |
| | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | संख्या | ५१ | ७२ |
| ३. | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या (प.दि.वि.ल. ११.५.१.१) | संख्या | ० | ० |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या (प.दि.वि.ल. ११.५.१.२) | संख्या | ० | ० |
| | असर | विपद्बाट प्रभावित घरपरिवार | संख्या | ५३ | ० |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको संख्या | संख्या | १५ | २५ |
| | प्रतिफल | दमकल संख्या | संख्या | ० | २ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | एक्सकाभेटर/ब्याक हो लोडर संख्या | संख्या | १ | २ |
| | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | ० | |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | प्रतिशत | ९३ | ९९ |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या ( प.दि.वि.ल. १३.२.१) | संख्या | ६ | १३ |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | ११ | १३ |
| | असर | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या (प.दि.वि.ल. १३.३.१.१) | प्रतिशत | ० | ५ |
| | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | ० | ११ |
| ४. | **वातावरण संरक्षण** | | | | |
| | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | ० | २ |
| | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | ९ | ९ |
| | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | ० | १ |

*स्रोतः गाँउ कार्यपालिकाको कार्यालय*

# परिच्छेद - ७ : संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ७.१ सुशासन तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता हुन जरुरी रहन्छ । राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ । गाउँपालिकाले कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ ।

### ७.१.२ समस्या तथा चुनौती

प्रशासनिक र वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्नु, निर्वाचित र मनोनित पदाधिकारी तथा कर्मचारीको आचरण र अनुशासन कायम गर्नु, सेवा प्रवाह सरल, सुलभ र गुणस्तरीय बनाउनु, नागरिक शिक्षा र राजनीतिक चेतनाको विकास र विस्तार गर्नु, विविधता, सङ्घीयताको अभ्यास तथा अनुभवको कमी हुनु, स्थानीयवासीको राजनैतिक चेतनाको स्तर माथि उठ्न नसक्नु, जनउत्तरदायी शासन प्रणालीको विकास गर्न नसक्नु, प्रविधिमैत्री र समावेशी शासनको प्रवर्द्धन तथा सहभागितात्मक शासन पद्धतिको अवलम्बन गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको सरोकार जनमुखी सरकार |
| **लक्ष्य** |
| प्रभावकारी योजना तर्जुमा र कार्यान्वयनद्वारा गाउँपालिकाको सेवा सुविधालाई चुस्त, दुरुस्त र पारदर्शी बनाउने |
| **उद्देश्यहरू** |
| ✓ स्थानीयवासीलाई सहज र सरल तरिकाबाट सेवा सुविधा पुऱ्याउनु ।<br>✓ स्थानीय तहको कार्य सम्पादन र सेवाप्रवाह परिणामुखी, चुस्त र पारदर्शी बनाउने ।<br>✓ जनता प्रति उत्तरदायि र जवाफदेही शासन संचालन गर्नु । |

### ७.१.४ रणनीति

१. संस्थागत जनशक्ती विकास गर्ने ।

## ७.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | सेवा प्रवाहको प्रभावकारीता मापन | साल बसाली | ६०० | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण भएको हुने |
| २ | सूचना प्रविधि पूर्वाधार खरिद | सेवा प्रवाह छिटो, छरितो | ०८२/८३ ०८२/८३ | ५०० | सूचना प्रविधि पूर्वाधार खरिद भएको हुने |
| ३ | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार | सहज, सुलभ र भरपर्दो इन्टरनेट सेवा | ०८२/८३- ०८२/८३ | ५०० | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार भएको हुने |
| ४ | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन | अद्यावधिक अभिलेख व्यवस्थापन | साल बसाली | ५०० | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन भएको हुने |
| ५ | न्यायिक समिति क्षमता विकास | न्याय सम्पादनमा प्रभावकारीता | ०८२/८३ ०८२/८३ | ३०० | न्यायिक समिति क्षमता विकास तालिम संचालन भएको हुने |
| ६ | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण | सार्वजनिक महत्वको सूचनामा सहज पहुँच | ०८२/८३ ०८२/८३ | १००० | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण भएको हुने |
| ७ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास | क्षमता विकास | साल बसाली | १५०० | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम संचालन भएको हुने |
| ८ | सार्वजनिक सुनुवाई संचालन | सरोकारवाला पक्षबीच सार्वजनिक महत्वका विषयमा बहस | साल बसाली | ३०० | सार्वजनिक सुनुवाई संचालन भएको हुने |
| ९ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | कर्मचारी प्रोत्साहन | साल बसाली | ५०० | कर्मचारी प्रोत्साहन तथा पुरस्कार कार्यक्रम सञ्चालन भएको हुने |
| १० | निशुल्क कानुनी परामर्श सेवा सञ्चालन | सुलभ र प्रभावकारी कानुनी सेवा | साल बसाली | ६०० | निशुल्क कानुनी परामर्श सेवा सञ्चालन भएको हुन |
| ११ | तथ्याङ्क संकलन, प्रशोधन, आवधिक परिमार्जन तथा नियमित प्रकाशन | तथ्याङ्क प्रकाशन | साल बसाली | ६०० | तथ्याङ्क संकलन, प्रशोधन, आवधिक परिमार्जन तथा नियमित प्रकाशन भएको हुने |
| १२ | बेरुजु न्युनीकरणका लागि तालिम तथा क्षमता विकास कार्यक्रम | बेरुजु न्युनीकरण | साल बसाली | ८०० | बेरुजु न्युनीकरणका लागि तालिम तथा क्षमता विकास कार्यक्रम संचालन भएको हुने । |

## ७.१.६ जोखिम पक्ष तथा अनुमान

विकासको प्रतिफल समावेशी र समन्यायिक तवरबाट वितरण गर्न, लक्षित वर्गमा परिवर्तनको महशुस गराउन, समाजमा प्रणाली, शौहार्दता र सद्भाव कायम गर्न सुशासनको महत्वपूर्ण भुमिका हुन्छ । नैतिक मूल्य मान्यताको स्खलन, भ्रष्टाचार, वित्तीय विश्रृङखलता, अपारदर्शीता, दण्डहीनता, जनउत्तरदायी व्यवहार, जनगुनासोको सम्बोधन गर्ने संयन्त्रको अभावमा सार्वजनिक प्रशासनलाई क्षयिकरण गर्ने, विकृति मौलाउने, समाजमा धनी र गरिबबीचको असमानता अझ गहिरो हुँदै जाने जोखिम रहन्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१.** | **सुशासन तथा सेवा प्रवाह** | | | २०८१/८२ | २०८४/८५ |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | ९ | ९ |
| | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | ९ | ९ |
| | प्रतिफल | अनुगमन पटक | पटक | ४८ | १४४ |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | ८० | ९६ |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | ९६ | ९९ |
| | प्रतिफल | न्यायिक समितिबाट फछ्र्यौट मुद्धा संख्या (वार्षिक) | संख्या | १३ | ३९ |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | २ | ० |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | संख्या | २ | ० |
| | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | २ | ९ |
| | प्रतिफल | सूचना प्रविधिमा आबद्ध सूचना संख्या | संख्या | ७ | २१ |
| | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | १ | ५ |
| | प्रतिफल | निजी क्षेत्र अन्तरक्रिया | संख्या | १ | १५ |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय*